का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० असोज २०८२
सोमबार
6 October 2025
Monday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २४० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पहिरोमा पुरिएर इलाममा गयो ३७ को ज्यान




## ■ डुबानमा मधेश

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १९ असोज

सरकारले उच्च सर्तकता र संवेदनशीलता देखाए पनि बेमौसमी आरीघोप्टे वर्षाले निम्त्याएको बाढीपहिरोबाट ठूलो मानवीय क्षति भएको छ । बाढीपहिरो र डुबानबाट कोशी, मधेस र बागमती प्रदेश बढी प्रभावित छन् । सडक सञ्जाल विच्छेद हुँदा दसैं मनाउन घर गएका हजारौं यात्रु अलपत्र परेका छन् ।

आइतबार साँझसम्म बाढी र पहिरोबाट कम्तीमा ५३ जनाको ज्यान गएको छ भने मधेसका विभिन्न

## विपद्ले देशैभर सडक विच्छेद

जिल्ला डुबानमा परेका छन् । अविरल वर्षाले निम्त्याएको विपद्बाट पूर्वी पहाडी जिल्ला इलामले सबैभन्दा ठूलो मानवीय क्षति बेहोरेको छ । इलामका सात बस्तीमा पहिरो जाँदा घरमै पुरिएर ३७ जनाको मृत्यु भएको छ । रातको समयमा पहिरो गएकाले मृत्यु हुने अधिकांश घरमै पुरिएका हुन् । एक गर्भवतीसहित दुई जनालाई सकुशल उद्धार गरी नेपाली सेनाको हेलिकोप्टरबाट धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारार्थ लगिएको छ ।

देउमाई नगरपालिका-५ घुसेनीमा रहेको दीपक लिम्बुको घर पनि पहिरोमा परेको छ । »› पृष्ठ २ मा



**सरकारको 'भिजिबिलिटी' बढ्यो, विश्वास पनि बढाओस्**
सम्पादकीय

### यात्रु अलपत्र

बेमौसमी वर्षाले देशभर विभिन्न राजमार्ग अवरुद्ध छन् । बाढी र पहिरोले सडक बगाएपछि बिपी राजमार्ग ठप्प छ भने नागढुंगा-मुग्लिन र मुग्लिन-नारायणगढ खण्ड निरन्तर ढुंगापहिरो खसेर अनिश्चित बनेको छ । यी सडक खण्डमा यातायात सञ्चालन नगर्न सरकारले उर्दी जारी गरे पनि अटेर गर्दा धेरै यात्रु अलपत्र छन् । आइतबार दिउँसोदेखि वर्षा रोकिएकाले सडक छिट्टै खुलाउने प्रयत्नमा सडक विभाग लागेको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान »› पृष्ठ २ मा

### सरकारले देखायो संवेदनशीलता

गत वर्ष १२ असोजको अत्यधिक वर्षामा उपत्यकाका तीन जिल्ला धेरै प्रभावित भएका थिए । नख्खु खोलाको बीचमा रहेको टहरामा रहेका चार जनाले उद्धार नपाई बाढीमा बगेका थिए । तीमध्ये तीन जनाको सकुशल उद्धार गरिए पनि एक जनाको ज्यान गएको थियो । तत्कालीन गृहमन्त्री रमेश लेखकले मौसमी प्रतिकूलताले 'भिजिबिलिटी' नहुँदा हेलिकोप्टरबाट उनीहरूको उद्धार गर्न नसकिएको प्रस्टीकरण दिएका »› पृष्ठ २ मा

नक्कली भुटानी शरणार्थी प्रकरण

# १४ महिनापछि फेरि खुल्यो फाइल

एकातिर नक्कली शरणार्थी प्रकरणमा प्रहरीले सूक्ष्म अनुसन्धान अगाडि बढाएको छ भने अर्कोतिर यो प्रकरणमा शंकास्पद रहेका व्यक्तिको घरमा छापा मार्न थालेको छ । आइतबार त एक जना फरार अभियुक्त पक्राउ नै परे ।



फाइल तस्बिर

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ असोज

आइतबार नक्कली भुटानी शरणार्थी प्रकरणका फरार प्रतिवादी सन्देश शर्मा पक्राउ परे । दाङको तुलसीपुर-१६ स्थायी घर रहेका शर्मालाई काठमाडौं उपत्यका अपराध अनसन्धान कार्यालयको टोलीले ललितपुरको बख्खुडोलबाट पक्राउ गरेको हो । योसँगै प्रहरीले यस प्रकरणमाथिको अनुसन्धान फेरि गर्न थालेको खुलेको छ ।

प्रहरीले एकातिर नक्कली शरणार्थी प्रकरणमा प्रहरीले सूक्ष्म अनुसन्धान अगाडि बढाएको छ भने अर्कोतिर यो प्रकरणमा शंकास्पद रहेका व्यक्तिको घरमा छापा मार्न थालेको छ । आइतबार त एक जना फरार अभियुक्त पक्राउ नै परेका हुन् ।

यसअघि असोज १२ गते केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)बाट खटिएको टोलीले भूषण राणाको घरमा प्रहरीले छापा »› पृष्ठ २ मा

# दल खोल्ने गृहकार्यमा जेनजी




**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १९ असोज

जेनजी आन्दोलनका आह्वानकर्ता सक्कली र 'हाइज्याकर'भन्दै प्रत्यक्ष-अप्रत्यक्ष एकअर्कालाई आरोप लगाइरहेका मिराज ढुंगाना र सुदन गुरुङ शनिबार दिनभर सँगसँगै देखिए । रातो कारमा सँगै सवार उनीहरू गृहमन्त्रीलाई ध्यानाकर्षण गर्नेदेखि विपद् व्यवस्थापन प्राधिकरणको रिपोर्टिङ लिनसमेत सँगै थिए ।

यो दृश्यले केही नयाँ सन्देश दिएको छ । खासगरी, जेनजी आन्दोलनको जनादेशलाई सरकारसँग वार्ता गरेर संस्थागत गर्ने भन्दै टोली गठन गरेसँगै विभाजित देखिएका जेनजी अगुवाहरू पुनः संगठित हुन थालेको प्रस्ट देखिएको छ । एकअर्कामाथि आरोपप्रत्यारोप गरिरहेका युवा एकै ठाउँ आउनुलाई नयाँ दल गठनको गृहकार्यका रूपमा हेरिएको छ ।

आफ्ना एजेन्डा स्थापित गर्न भन्दै संगठित भएका युवाको नजर विस्तारै फागुन २१ मा हुने आमचुनावमा पर्न थालेको छ । सरकार निर्माण र उसले गर्ने निर्णयमा एकथरी अगुवा हावी भएको भन्दै असन्तुष्ट रहेका युवा पनि पछिल्लोपटक एकाकार हुन लागेका हुन् ।

जेनजी आन्दोलनको उपलब्धिलाई संस्थागत गर्दै सबैको साझा एजेन्डा बनाउने कुरामा आफूहरू विस्तारै एकाकार हुँदै गएको जेजनी नेता खेमराज साउदले बताए । सातै प्रदेशमा संयोजक तोकेर अभियानलाई बलियो बनाउँदै लगेको उनको भनाइ छ । 'हामीले सातवटै प्रदेशमा संयोजक बनाएर अघि बढेका छौं । पहिला विभिन्न समूहमा देखिएका युवा साथीहरू अहिले एक ठाउँ हुनेक्रम जारी छ,' उनले भने ।

प्रदेशस्तरमा संगठित भएर त्यहाँका समस्या पहिचान गर्ने र के कसरी काम गर्न सकिन्छ भनेर छलफल चलाउँदै गएको उनले मध्यान्हलाई बताए । अहिले विपद् व्यवस्थापनकै चरणमा रहेकाले केही दिन विपद्सँग सम्बन्धित काममा व्यस्त हुने साउद बताउँछन् । जेनजीले आगामी प्रतिनिधि सभाको निर्वाचनमा भाग लिनेगरी दल दर्ताको प्रक्रियासमेत अघि बढाएको साउदले बताए । उनले भने, ' हामी सबै संगठित हुँदै पार्टी निर्माणको विषयमा छलफल गर्दै छौं । अन्तमा पार्टी नै दर्ता गरेर जाने हो । तर के कसरी त्यहाँ पुग्ने भन्ने विषयमा आन्तरिक छलफल भइरहेको छ ।'

यद्यपि उनीहरूबीच वर्तमान व्यवस्थाबारे फरक मत भने कायमै छ । जेनजीका अगुवा मिराज ढुंगाना र पछिल्लो समय चर्चामा आएका प्रवेश दाहाल प्रदेश खारेजीको पक्षमा अडान कायमै छ । तर 'हामी नेपाल' संस्थाका प्रमुख सुदन गुरुङ प्रत्यक्ष निर्वाचित कार्यकारी र प्रदेश खारेजीको पक्षमा नरहेको बुझिन्छ । उनी अहिले नै संविधानलाई चलाउने पक्षमा छैनन् । वर्तमान सरकारसमेत संविधानको विशेष व्यवस्थाअनुसार बनेका कारण सरकार बनाउने पक्ष संविधानको मर्म मास्न नहुने पक्षमा उभिएका »› पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# आजदेखि म्यानपावर कम्पनीका कार्यालय सञ्चालन हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असोज

विजया दशमीको सप्ताहव्यापी सार्वजनिक बिदा र बाढी पहिरोको प्रकोपपछि सोमबारबाट म्यानपावर कम्पनीका कार्यालय सञ्चालन हुँदै छन् । जेनजी आन्दोलनका कारण केही श्रम गन्तव्य मुलुकले नेपाली कामदारको भिसामा गरेको कडिकडाउबीच अधिकांश म्यानपावर कम्पनीले दसैं बिदाका लागि कार्यालय बन्द गरेका थिए । करिब दुई सातापछि कार्यालय खुला गर्दा परिस्थिति सहज हुने अधिकांशको अपेक्षा छ ।

उद्योग वाणिज्य महासंघको प्रारम्भिक आँकलनअनुसार आगजनी तथा तोडफोडका घटनाबाट निजी क्षेत्रको ८० अर्ब रुपैयाँबराबरको क्षति भएको छ भने करिब १५ हजारभन्दा बढीको आन्तरिक रोजगारी प्रभावित भएको भएको छ । दसैंलगत्तै आएको विनाशकारी बाढी पहिरोले आर्थिक संकट नित्याएको र ठुलामध्येको एक चाड दसैं सकिएकाले वैदेशिक रोजगारमाथिको चाप बढाएको छ ।

तर जेनजी आन्दोलनमा भएको तोडफोड र कारगारबाट भागेका थुनुवा तथा कैदी जेल नफर्केको कारणले गन्तव्य मुलुक भिसा दिने काममा कडाइ जारी राख्न सक्ने खतरा यथावत् देखिएको छ ।

आन्दोलनपछि खास गरी संयुक्त अरब एमिरेट्स युएईले नेपालीको भिसा अस्वीकृत गरेको छ । परराष्ट्र मन्त्रालयले भिसा सहजताका लागि दसैं अगाडि पहल गरे पनि समस्याको समाधान हुन सकेको छैन । श्रम विज्ञ डा. गणेश गुरुङ वैदेशिक रोजगारीमा गएकामध्ये कतिपय नेपाली खाडी मुलुकमा झैं झगडा, मारपिट तथा बेलाबखत हडतालमै जाने गरेका उदाहरणबीच नेपालमा »› पृष्ठ २ मा

### मलेसियामा न्यूनतम तलब नदिने ६ सय ३७ कम्पनी कारबाहीमा

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, १९ असोज

मलेसियामा न्यूनतम ज्याला र उचित बासस्थान नपाएको उजुरी गर्ने ११ नेपाली कामदारले न्याय पाएका छन् । मलेसियाको श्रम विभागले गत वर्ष आफ्ना कामदारहरूको कल्याण र आधारभूत आवश्यकताहरूको सुरक्षा गर्न असफल भएका ६ सय ३७ रोजगारदाता कम्पनीलाई लगभग ४० लाख रिंगेट क्षतिपूर्ति तिराएको हो ।

मलेसियाले देशभर एकैसाथ गरेको अपरेसनमा सेक्युरिटी गार्ड सप्लाईका ३५ कम्पनीहरूको निरीक्षण गरेको थियो । सो अपरेसन क्रममा ११ नेपाली कामदार बस्ने राजधानी »› पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**
यस कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
पब्लिक रिलेशन अफिसर - ५ (पुरूष/महिला)
डकुमेन्टेशन अफिसर - ५ (पुरूष/महिला)
आकर्षक तलबको व्यवस्था
कम्तिमा मेनपावर क्षेत्रमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
९८२३४८६६८१, ९८१९७७९८६७
hr@mobhiraservices.com
मोभिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाण्डौं, नेपाल, फोन नं. : ०१-४३७८८४२, ४३७८९३६

मध्यान्ह
www.madhyanhadaily.com

२० असोज २०८२ सोमबार
6 October 2025 Monday

# पानीजन्य रोग बढ्न सक्ने भएकाले सचेत रहन स्वास्थ्य मन्त्रालयको आग्रह

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्राकृतिक विपद्मा पानीजन्य रोग देखिने भएकाले सचेत रहन आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले प्राकृतिक विपद्मा तत्काल चोटपटक लाग्ने र अन्य भौतिक क्षति देखापरे पनि त्यसपछि पानीजन्य रोग देखिने भएकाले त्यसबाट बच्न आग्रह गरेका हुन् ।

उनका अनुसार प्राकृतिक विपद्का बेला पानी प्रदूषित भई निम्त्याउन सक्ने पानीजन्य रोग पखाला, हैजा तथा कीटजन्य रोग डेंगी, मलेरिया पनि बढ्न सक्ने हुनाले सबैलाई सतर्कता अपनाउन आग्रह गरिएको हो । त्यस्ता लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा जानसमेत अनुरोध गरिएको छ ।

यस्तै, हाल प्राकृतिक विपद्मा



परेकाहरूले राम्रोसँग खान, बस्न पाउने अवस्था नबने पछि खानासम्बन्धी रोग, आँखा पाक्ने रोग र मानसिक रोग पनि देखिने डा.बुढाथोकीको भनाइ छ ।

प्राकृतिक विपद्पछि मन्त्रालयले स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वास्थ्यकर्मी र जनप्रतिनिधिमार्फत शुद्ध उमालेको पानी पिउन र सरसफाइमा ध्यान दिन आवश्यक सचेतना फैलाउन आग्रह गरिएको उनले जानकारी दिए ।

मन्त्रालयले आपत्कालीन अवस्थामा आइपरी स्वास्थ्य संस्थामा जानु परेमा तालिम प्राप्त चालक र स्वास्थ्यकर्मीसहितको एम्बुलेन्सको व्यवस्था रहेकाले हटलाइन १०२ मा सम्पर्क गर्न अनुरोधसमेत गरेको छ ।

यस्तै, आपत्कालीन अवस्थामा स्वास्थ्यसम्बन्धी कुनै समस्याबारे जानकारी आवश्यक परेमा १११५ मा सम्पर्क गर्न पनि आग्रह गरिएको छ । मन्त्रालयले निरन्तर वर्षाका कारण पहिरो र तथा अन्य प्राकृतिक प्रकोप उत्पन्न भई दुर्घटना, चोटपटक र जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्ने भएकाले अस्पताललाई तयारी अवस्थामा रहन निर्देशनसमेत दिएको छ ।

# श्रमिकका पक्षमा गम्भीर बन्न ट्रेड युनियन कांग्रेसको ध्यानाकर्षण

**काठमाडौं/मस-** देशभरका विभिन्न स्थानमा बाढी, पहिरो र डुबानका कारण जनधनको क्षति भएको घटनाप्रति नेपाल ट्रेड युनियन कांग्रेसले गहिरो दुःख व्यक्त गरेको छ । प्राकृतिक विपत्तिबाट श्रमिक वर्ग सबैभन्दा बढी प्रभावित हुने भएकाले उनीहरूको जीवनयापन र रोजीरोटीमा देखिएको गम्भीर समस्या सम्बोधन गर्न सरकारले तुरुन्तै पहल गर्नुपर्नेमा ट्रेड युनियन कांग्रेसले ध्यानाकर्षण गराएको हो ।

संघका महासचिव अजय कुमार राईद्वारा जारी विज्ञप्तिमा प्राकृतिक विपत्तिबाट रोजगारी गुमाउने तथा आर्थिक कठिनाइमा



परेका श्रमिक वर्गलाई राज्यले विशेष प्राथमिकताका साथ सहयोग गर्नुपर्नेमा जोड दिइएको छ । महासचिव राईले सरकारलाई प्रभावित नागरिकलाई तत्काल उद्दार, राहत र पुनःस्थापनाका लागि विशेष टोली बनाएर सक्रियतापूर्वक खटिन आग्रह गरेका छन् ।

'प्रभावितहरूको उद्दार, रक्षा, खोजी कार्य, राहत वितरण, सुरक्षित अस्थायी बसोबासको व्यवस्था र घाइतेहरूको प्रभावकारी निःशुल्क स्वास्थ्य उपचार सुनिश्चित गर्न सरकारसँग जोडदार माग गर्दछौं,' विज्ञप्तिमा भनिएको छ। महासचिव राईले गरिखाने वर्गको पक्षमा सरकारले सकारात्मक पहल कदमी गर्नुपर्ने आवश्यकता औंल्याउँदै विपत्तिबाट सर्वाधिक मारमा परेका श्रमिकलाई दीर्घकालीन राहत कार्यक्रममार्फत संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् ।

### पहिरोमा...

घरमा रहेका दुई जनासहित देउमाईमा आठ जनाको ज्यान गएको छ भने एक जनालाई सकुशल उद्धार गरिएको प्रहरीले जनाएको छ। त्यस्तै, माङसेबुङ गाउँपालिका-५ स्थित पार्टीगाउँका मदन लिम्बुको घर पनि पहिरोले पुरिएको छ । पुरिएको घरमा रहेका तीन जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

यसैगरी, फाकफोकथुमको रातोमाटेका ३२ वर्षीय सुरेश लिम्बूको पनि पहिरोमा पुरिएर ज्यान गएको छ। सन्दकपुरमा ६ र माइजोगमाईमा आठ जनाको पहिरोले घर पुरिँदा मृत्यु भएको जिल्ला प्रशासन कार्यालय इलामले जनाएको छ । सशस्त्रले पुरिएर बेपत्ता भएका १२ जनाको शव निकालेको थियो ।

इलाम नगरपालिका-६ को घोसका डम्बरबहादुर तामाङको घर पहिरोले पुरिँदा घरभित्र रहेका ६ जनाको ज्यान गएको छ। यसैगरी, सूर्योदय नगरपालिकाको मानेभन्ज्याङका राजु क्षेत्रीको घर पनि पहिरोले पुरियो। पुरिएको घरबाट चार जनाको शव निकालिएको थियो भने एक जनालाई गम्भीर घाइते अवस्थामा उद्धार गरिएको थियो । उनको पनि अस्पताल लैजाँदा लैजाँदै बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । मानेभन्ज्याङबाट सशस्त्र प्रहरी नायब निरीक्षक सुरेन्द्र डोटेलको कमान्डमा गएका सात जनाको टोलीले पहिरो हटाएर मृतकलाई निकालेका थिए ।

### यात्रु...

घिसिङले अवरुद्ध सडक तीन/चार दिनभित्र खुलाइने बताएका छन् । पूर्वतयारी र सरकारको सक्रियताले विपतबाट ठुलो मानवीय क्षति हुनबाट रोकिएको दाबी गर्दै उनले पत्रकार सम्मेलनमा भने, 'तीन/चार दिनभित्रै बिपी राजमार्ग सुचारु हुन्छ ।'

### सरकारले...

थिए । सोही प्रसंग स्मरण गर्दै अहिले विपद् व्यवस्थापन, पूर्वतयारी र उद्धारमा सरकारको 'भिजिबिलिटी' बढेको टिप्पणी भइरहेको छ ।

सरकारले संवेदनशीलता देखाएर राज्यको उपस्थितिको महसुस गराएको भन्दै सामाजिक सञ्जालमा प्रसंसा गरिएको छ। आरीघोप्टे वर्षाको मौसम पूर्वानुमानपछि सरकारले जोखिमयुक्त सडकमा आवागमन रोक्नेदेखि विपद् व्यवस्थापन चुस्त बनाउन निरीक्षण र निर्देशन दिएको थियो । गृहमन्त्री ओमप्रकाश अर्याल सशस्त्र र नेपाल प्रहरी मुख्यालय पुगेर पूर्वतयारीको निर्देशन दिएका थिए भने ऊर्जा, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङ चोभारदेखि बल्खुसम्म पुगेर बाढी पूर्वानुमान र उद्धार व्यवस्थापन अनुगमन गरेका थिए । प्रधानमन्त्री सुशीला कार्कीले देशवासीका नाममा सम्बोधन गर्दै सुरक्षित रहन, आवश्यक परे सहयोग लिन अप्ठेरो नमान्न भन्दै नागरिकलाई ढाडस दिएकी थिइन ।

### १४ महिनापछि...

मारेको थियो । स्थानीय प्रहरीको सहयोगमा जावलाखेलस्थित राणाको घरमा प्रहरी घेराबन्दी गरेर सामान खानतलासी गरिएको थियो ।

राणा नेपाली कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका नातेदार हुन्। निवर्तमान परराष्ट्रमन्त्री आरजु राणा देउवाका भाइ हुन्। भूषण राणा आरजु राणाका कतिपय डिलमा प्रतिनिधिका रूपमा खटिने गरेको आरोप लाग्ने गरेको छ । भूषणको घरमा छापा मारेपछिको विवरण प्रहरीले सार्वजनिक गरेको छैन । पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै ८ सय ७५ नेपालीसँग १० देखि ५० लाखसम्म उठाउने गिरोहबारे अनुसन्धान गरेको थियो । त्यसबेला यो प्रकरणसँग राजनीतिक नेतृत्वको साँठगाँठ रहेको विषय सञ्चारमाध्यमले समेत उधिनेका थिए । ठगी प्रकरणबारे अनुसन्धान हुँदै जाँदा पूर्वगृहमन्त्री वालकृष्ण खाँणदेखि पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीसम्म पक्राउ परे र जेल परे । खाँण हाल जेलबाहिर छन् भने रायमाझी जेलमै छन् । यो प्रकरणमाथिको अनुसन्धान अगाडि बढ्दै जाँदा प्रचण्ड नेतृत्वको सरकार नै ढलेको थियो । कतिपयले सोही प्रकरणका कारण प्रचण्ड नेतृत्वको सरकार ढलेको बताउने गरेका छन् । १७ असार २०८१ मा कांग्रेस र एमालेबीच सातबुँदे समझदारी भएपछि ३० असार २०८१ मा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएका थिए । ओली प्रधानमन्त्री भएपछि यो प्रकरणमाथिको अनुसन्धान रोकिएको थियो ।

त्यसबेला बेचन झा पक्राउ परेलगत्तै कांग्रेस र एमालेले यो प्रकरणमाथिको अनुसन्धान रोक्न पहल गरेको र आरजु राणा पक्राउ पर्ने अवस्था बनेपछि तत्कालीन सरकार ढलेर ओली नेतृत्वमा सरकार बनेको नेताहरू बताउँछन्।

ओली नेतृत्वको सरकार १४ महिना चल्यो । भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि ओली राजीनामा दिन बाध्य भए । भदौ २४ गते नै ओलीले राजीनामा दिए । त्यसपछि प्रतिनिधि सभाबाट अर्को सरकार बन्ने अवस्था बनेन । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ। अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपतिबाट प्रतिनिधि सभा विघटन भएको छ । कार्की नेतृत्वमा सरकार बनेसँगै प्रहरीले फेरि नक्कली शरणार्थी प्रकरणमा अनुसन्धान अगाडि बढाएको हो । अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार सन् १९९० ताका भुटानबाट भारतको बाटो हुँदै नेपालमा आइपुगेका शरणार्थीहरूलाई पूर्वी नेपालको झापा र मोरङका विभिन्न शिविरमा राखिएको थियो । तिनलाई तेस्रो मुलुक लैजानेक्रममा नेपालीलाई समेत भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने कार्य भएको अनुसन्धानबाट खुलेको हो ।

नेपाल आएर शरण लिएका १ लाख १३ हजारभन्दा बढी व्यक्ति संयुक्त राष्ट्रसंघ र नेपालका प्रमुख दातृ राष्ट्रको पहलमा अमेरिका, अस्ट्रेलिया, क्यानडा, न्युजिल्यान्डलगायत देशमा पुनर्वास भएका छन् । शरणार्थीका लागि राष्ट्रसंघले तेस्रो देश पुनर्वास कार्यक्रम राखेर अगाडि बढाउने क्रममा नेपालीलाई नक्कली शरणार्थी बनाइएको हो ।

तेस्रो देश पुनर्वास हुन बाँकी करिब ६ हजार ५ सय जना मोरङ र झापाका विभिन्न शरणार्थी क्याम्पमा बसोबास गरिरहेका थिए । बाँकी शरणार्थीको व्यवस्थापनबारे पहल भइरहँदा गृह मन्त्रालयले उनीहरूको अनुसूची तयार गर्न कार्यदल गठन गरेको थियो । त्यहीबेला तेस्रो देश पुनर्वास गराउने आवरणमा गिरोहले राज्य शक्तिका संयन्त्र र अधिकारप्राप्त अधिकारीलाई हातमा लिएर नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रलोभनमा पारी मोटो रकम असुली धन्दा चलाएको अनुसन्धानमा खुलेको हो ।

कार्यदलले नीतिगत रूपमै भ्रष्टाचार गरेर पैसा उठाउँदै नेपाली नागरिकहरूलाई शरणार्थीको सूचीमा राखेको उजुरीपछि प्रहरीले आरोपितहरूलाई पक्राउ गरेर अनुसन्धान सुरु गरेको थियो । दुई चरणको अनुसन्धान यसअघि नै भइसकेको छ । प्रहरीले अहिले दोस्रो चरणबाट अनुसन्धान अगाडि बढाएको हो वा तेस्रो चरणको अनुसन्धान सुरु गरेको हो प्रस्ट भनेको छैन ।

## पर्सामा गर्भवतीको उद्धार



**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, १९ असोज

पर्साको वीरगञ्ज महानगरपालिका-११ श्रीपुरमा डेरा गरी बस्दै आएकी गर्भवती महिलाको उद्धार गरिएको छ ।

सखुवा प्रसौनी गाउँपालिका-३ स्थायी घर भएकी ३१ वर्षीया रिचा चौधरीको सेनाको टोलीले सुरक्षित उद्धार गरी अस्पताल पुऱ्याएको हो । श्रीमान मनोहर चौधरीसँगै उनी पर्साको श्रीपुरस्थित दिनेश चौरसियाको घरमा डेरा गरी बस्दै आएकी थिइन्। नं.१३ गण हे.क्वा. पर्साबाट सप्रनि दिपेन्द्र प्रकाश मल्लको कमाण्डमा खटिएको ११ जनाको टोलीले उनलाई उद्धार गरी वीरगञ्ज हेल्थ केयर अस्पतालमा पुऱ्याइएको सेनाले जानकारी दिएको छ । हाल चौधरीको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पताल स्रोतले जनाएको छ ।

### दल...

देखिन्छन्। रक्षा बमसमेत संवैधानिक तवरबाटै निकास खोज्नुपर्ने पक्षमा छिन्। प्रत्यक्ष निर्वाचित कार्यकारीको प्रस्तावमा उनी सहमत छैनन् ।

अहिले प्रदेश खारेजी र प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको मुद्दा उठाउँदा सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारविरुद्ध गएको देखिने भएकाले संविधान बचाएरै जानुपर्ने अवस्था रहेको हामी नेपालका प्रमुख गुरुङले बताउँदै आएका छन् । वर्तमान संविधानभन्दा बाहिर जान नमिल्ने र बरु आउँदो फागुन २१ गतेको निर्वाचनमार्फत जेनजीहरूको प्रतिनिधित्वलाई सुनिश्चितता गर्नतिर लाग्नुपर्ने उनको भनाइ छ ।

उता, धरानका मेयर हर्क साम्पाङले आउँदो चुनावलक्षित गरी राष्ट्रिय श्रम संस्कृति पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन पेस गरिसकेका छन् । दल दर्ताका लागि निवेदन आइसके पनि आवश्यक कागजात अध्ययनपछि मात्र पार्टी दर्ताको प्रक्रिया अघि बढ्ने निर्वाचन आयोगले जनाएको छ ।

साम्पाङ समर्थितबाहेक सबै जेनजीहरू दल गठन गर्नेगरी संगठित हुन लागेका छन् । विभिन्न छलफलसहितका गतिविधिमा छुटेका युवा अभियान्तालाई जोड्दै आन्दोलनका एजेन्डामा एकमत बनाउन उनीहरू सक्रिय छन्। जेनजी प्रतिनिधि समेटिएको वार्ता टोलीले प्रधानमन्त्री सुशीला कार्कीको रोहवरमा राष्ट्रपति रामचन्द्र पौडेलसँग वार्ता गर्ने भनिए पनि टिममा रहने व्यक्तिका विषयमा कुरा नमिल्दा जेनजी लिडर नै आन्तरिक विवादमा फसेका थिए । कार्की सरकार निर्माणको चरणमा विभिन्न व्यक्ति केन्द्रित विभाजनमा पुगेका उनीहरू एकले अर्कोलाई अस्वीकार गर्ने तहमा पुगिसकेका थिए ।

पछिल्लोपटक पत्रकार सम्मेलनमा विराटनगरका प्रवेश दाहालसहितको टोलीले प्रधानमन्त्री बनाउने छलफलमा भाग लिएका 'हामी नेपाल' संस्थाका प्रमुख सुदन गुरुङ र उनको समूह गैरजेनजी र गैरआन्दोलनकारी भएको आरोप लगाउँदै आएका छन् । काठमाडौं महानगरका मेयर बालेन शाहसँग सोझो सर्म्पकमा रहेका गुरुङ समुहले कार्की सरकार गठन र मन्त्री चयनमा आफ्नो संलग्नता रहेको बताउँदै आएको छ। जेनजी समर्थित सरकार बनेपछि गुरुङ हाबी देखिँदै आएका छन्। उनीहरू सरकारी बैठकहरूमा पनि सहभागी हुँदै आएका छन् । शुक्रबार मात्रै प्रधानमन्त्री कार्कीसँग उनीहरूले साढे २ घण्टा छलफल गरेका छन् । विपद् व्यवस्थापनको पछिल्लो बैठकमा सहभागी भएर गुरुङले दिएको निर्देशनात्मक सुझावको आलोचना भइरहेको छ ।

आन्दोलनमा स्वयसेवकको भूमिकामा देखिएका सुदन गुरुङले सरकार निर्माणबारे भएका सबै तहको छलफलमा जेनजीतर्फको प्रतिनिधित्व र नेतृत्व गरेका थिए । उनको सक्रियताले वास्तविक जेनजी र आन्दोलनको मुद्दा नै ओझेलमा परेको जेनजी नेता प्रवेश दाहालले आपत्ति जनाएका छन् । गुरुङ र उनको समूहसँग रुष्ट बनेका जेनजीहरूले छुट्टै बैठक राखेर वार्ता समितिसमेत बनाएका थिए । सुरुमा स्वःस्फुर्त तरिकाले अघि बढिरहेका जेनजी अभियन्ताले असोज ११ गते पहिलोपटक संगठित भएर वार्ता टोली गठन गरेका थिए । वार्ता टोलीमा पुरुषोत्तम यादव, मिराज ढुंगाना, प्रवेश दाहाल, बब्लु गुप्ता, रक्षा बम, टिकाराम लिम्बु, योग्यता भण्डारी, जेम्स कार्की, कासिफ महम्मद मियाँ र अर्पित कुँवर छन्। तर उनीहरूले राष्ट्रपतिसँग वार्ता गर्ने भने पनि समय पाएका छैनन्।

सार्वजनिक भएको माइन्युटमा हस्ताक्षर नगरेकी रक्षा बमले आफूलाई नसोधीकन वार्ता टोलीमा राखिएको भन्दै उनले असहमति जनाएकी थिइन्। सरकार निर्माणको समयमा सुदन समूहमा नसमेटिए पनि पछिल्लो समय धेरै युवाबीच एकता हुँदै गएको पाइएको छ ।

### आजदेखि...

भएको पछिल्लो घटनाले नकारात्मक सन्देश गएकाले परिस्थितिमा जटिलता बढेको टिप्पणी गर्छन् ।

कलकारखाना तथा व्यापारिक भवनहरूमा भएका तोडफोड एवं आगजनीबाट भएका क्षतिसँगै नेपालमा बेरोजगारी बढ्ने र वैदेशिक रोजगारमा जानेहरूको संख्या वृद्धि हुने अवस्थामा भिसामा कडाइ हुनुले चुनौती थपिने उनको भनाइ छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहायक प्रवक्ता मेघनाथ रिमाल अध्ययन भइरहेको भन्दै ठोस जवाफ नरहेको बताउँछन्।

युएईले केही दिनअघि युगान्डा, सुडान, सोमालिया, क्यामरुन, लिबिया, अफगानिस्तान, यमन, लेबनान र बंगलादेशका कामदारको भिसामा प्रतिबन्ध लगाएको छ । तर सो सूचीमा नेपाल समावेश नभएको घटनाले नेपालीलाई केही राहत दिएको छ। यस अवस्थामा नेपाल सरकारले तत्कालै उच्चस्तरीय कूटनीतिक पहल गरेर समस्या समाधानको उपाय पहिल्याउनुपर्ने कतिपयको सुझाव छ । वर्तमान सरकारको पहिलो जिम्मेवारी ताजा जनादेशका लागि निर्वाचन भए पनि वैदेशिक रोजगारको नियमित प्रवाह रोकिन गएमा त्यसले आन्तरिक सुरक्षा चुनौती बढाउने पनि आँकलन गरिएको छ। यूएईले भिसा रोकेमा त्यसको असर साउदी अरब र कतारलगायतका खाडी मुलुक र मलेसिया समेतमा पर्नेछ ।

### मलेसियामा...

क्वालालम्पुरमा रहेको प्लाजा महकोटाको एक इकाई पनि निरीक्षण गरिएको थियो । रोजगारदाताले नेपाली कामदारहरूलाई न्यूनतम ज्यालासहित कानुनद्वारा तोकिएबमोजिम आधारभूत सुविधा नदिएको पाइएको थियो। मलेसियामा गत फेब्रुअरी १ देखि न्यूनतम ज्याला १५ सय रिंगेट लागू गरेको हो तर कतिपय नेपाली सेक्युरिटी गार्डहरूले न्यूनतम तलब नपाएको र बैंक खातामा तलब जम्मा नगरिदिने गरेको गुनासो नेपाली राजदूतावाससमक्ष गर्दै आएका छन् । नेपाली दूतावासले न्यूनतम तलब नदिने कम्पनीको डिमान्ड प्रमाणीकरण नगर्ने नीति लिएको बताएको छ ।


**गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०६/२० गते सोमबार**

यस समितिमा हस्तान्तरण भइ आएको मध्य साल गोलिया थान २०५९ को ११,६३१.२२ घ.फि. र साल तथा अन्य जातको १०७ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालय वा वन निर्देशनालय ,बुटवल, रुपन्देहीबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।

**वन पैदावार आपूर्ति समिति, बाँके**



**गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०६/२० गते सोमबार**

यस कार्यालयको कटान ईजाजत बमोजिम कटानमुछान गर्दा उत्पादन भएको गोलिया काठ तथा दाउरा मध्य साल तथा अन्य जातको गोलिया थान १६,३८७ को ८६,७७८.१७ घ.फि. र साल तथा अन्य जातको ३०२.२५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस कार्यालय वा वन निर्देशनालय,बुटवल, रुपन्देही शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।

**डिभिजन वन कार्यालय, बाँके**



**साउदीमा रोजगार**

कम्पनीः JAWA HUMAN RESOURCES COMPANY — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०६/१९ — चलानी नं.: ६०२४५५४१ — LT. No.: 331902

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३० र ३१ गते (16 & 17 October 2025) मा हुनेछ ।
अन्तर्वार्ता उर्लाबारीमा २०८२ कार्तिक १ गते (18 October 2025) मा हुनेछ ।
अन्तर्वार्ता इटहरीमा २०८२ कार्तिक १ गते (18 October 2025) मा हुनेछ ।

कम्पनीः DONG YEONG ARABIA LIMITED CO — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०६/१२ — चलानी नं.: ६०२४५५२० — LT. No.: 331856

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 16 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः AFAK AL-ASHROON TRADING COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/१० — चलानी नं.: ६०२४५५१८ — LT. No.: 331675

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 0 | 1 | स. काममा दक्ष | 1200 | ४५,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २७ गते (13 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1645/080/081
**AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.**
साविकको नाम : (GLOBAL MANPOWER SOLUTIONS PVT. LTD.)
P.O. Box:3355 | Samakhushi, Kathmandu, Nepal Email: ambeintnepal@gmail.com
Phone : +977 01 5904717 | 9767232692 | 9823904717 | 9823904718, 9823904719



**मलेसियामा रोजगार**

कम्पनी : HUNTER SHILED SECURITY SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/१२ — चलानी नं.: ६०२४५५४२ — L.T. No.: 331832

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 45 | 0 | स. काममा दक्ष | 1700 | ५७,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज २८,२९,३० गते (14,15,16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1067/073/074
**Elmira Manpower Service Pvt. Ltd.**
P.O.Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 977-014963814, 015909815, Fax : 4016788,
Mob: 9851068108, 9851188820, Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com



**Invitation for Bids**

**Gramthan Rural Municipality**
**Office of the Rural Municipal Executive**
Tetariya, Morang
Koshi Province, Nepal
**First Date of publication: 2082/06/13**

1.Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.

| S. N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/NCB/ WORKS/02-082-083 | Gaunpalika Namuna Yojana Lakhantari Simariya Gidhaniya sadak | 99,97,202.68 | 3,000 | 2,50,000 | |

For More Details https://bolpatra.gov.np/

# जंगली हात्ती भगाउन माहुरीपालन



**कञ्चनपुर/रासस–** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने बस्तीहरूका किसानले जंगली हात्तीका कारण रातभर जाग्राम बस्नुपर्ने बाध्यता छ । खेतमा लगाइएका धान, मकै, उखुलगायतका बाली हात्तीले खाएर र खुट्टाले नोक्सानी पुऱ्याउने गरेको छ ।

खेतबारीमा लगाएको अन्नबाली, उखुलगायतको नगदेबालीमा जोगाउनका लागि किसानले रातभरि खेतमै जाग्राम बस्नुपरेको हो । आगो देखाएर, पटाका पड्काएर र टिन ठटाएर हात्तीको बथान भाग्दैन । पेटभर टन्न खाएर मात्रै हात्ती निकुञ्ज र त्यस आसपासका वन क्षेत्रमा फर्कने गर्दछन् ।

पुनः साँझ नपर्दै हात्तीको बथान खेतमा छिर्ने गरेका छन् । यो क्रम बाली नभित्र्याउँदासम्म चलिरहन्छ । जसबाट मानवीय क्षति, भौतिक क्षति हुनसक्ने सम्भावना उत्तिकै प्रवल बन्दै गएको हात्ती प्रभावित क्षेत्रका स्थानीय बासिन्दाको भनाइ रहेको छ ।

पुराना परम्परागत तरिकाले हात्ती भगाउन सकिने अवस्था नरहेपछि स्थानिय किसान हात्ती भगाउने विकल्पको खोजीमा रहेका छन् । सामुदायिक वन राष्ट्रिय महासंघ सुदूरपश्चिम प्रदेश कार्यसमितिका महासचिव तथा वन्यजन्तुका जानकार पुनाराम चौधरीका अनुसार हात्ती प्रवेश गर्ने क्षेत्रमा माहुरीपालन उत्तम विकल्प हुन सक्दछ ।

'माहुरी भएको ठाउँ नजिकै हात्तीनै आउँदैन', उनले भने 'माहुरीको भुनभुन आवाज हात्तीलाई पटक्कै मन पर्दैन त्यै भएर नजिकै आउँदैनन् ।' लालझाडी गाउँपालिका४ डाँडाजाइँस्थित कञ्चन सामुदायिक वनमा यसको प्रयोगलाई सफलतापूर्वक लागू गरिएको उनको भनाइ रहेको छ ।

पहिले नियमित रूपमा हात्ती प्रवेश गर्ने वन क्षेत्रमा माहुरीका घार राखेपछि हात्ती त्यस बाटो प्रयोग गर्न छाडेको उनले बताए । 'दशकअघि गरिएको यो प्रयोग सफल भएको थियो,' उनले भने, 'स्थानीय समुदायलले यसलाई निरन्तरता दिएनन, पुनः हात्तीको समस्या झेल्न बाध्य छन् ।'

'माहुरीपालनले हात्ती भगाउन मात्र होइन, स्थानीय बासिन्दाले माहुरीको मह बेचेर आयआर्जनमा ठुलो सहयोग पुग्छ,' चौधरीले भने, 'त्यसैले यो उपायलाई विस्तार गर्नुपर्छ ।'

उनका अनुसार नेपाल-भारत वन्यजन्तुसम्बन्धी भारतीय समुदायबीच भएको छलफलमा अर्को उपायका रूपमा खुर्सानी, मोविल र तमाखुको मिश्रण गरी डोरीलाईतावरका रुपमा प्रयोग गर्ने सुझाव आएको थियो ।

विसं २०७४ तिर भारतीय समुदायसँग छलफलपछि सो उपायलाई कञ्चनपुरको पुनर्वास नगरपालिकाका विभिन्न सामुदायिक वन क्षेत्रमा परीक्षण गरिएको थियो ।

'जुटको डोरीमा खुर्सानी, मोविल र तमाखुको मिश्रण दल्यौं, त्यसलाई तारबारझै तीन तहमा हात्ती हिँड्ने बाटोमा तान्यौं,' चौधरीले सम्झिए, 'त्यसपछि हात्तीले त्यो बाटो प्रयोग गर्नै छाड्यो ।' हालसम्म पनि सो बाटो हुँदै हात्ती नआएको र हात्तीले दोदा नदीतर्फको वैकल्पिक बाटो प्रयोग गर्न थालेको उनले बताए । मिश्रणको गन्ध टाढासम्म पुग्ने र डोरीमा हात्तीले शरीर छुँदा पोल्ने भएकाले हात्ती नजिक आउनै डराउने गरेको पाइएको उनले उल्लेख गरे ।

तेस्रो विकल्पका रूपमा हात्ती प्रभावित क्षेत्रका बासिन्दालाई जडीबुटी खेतीतर्फ प्रोत्साहित गर्न सकिन्छ । मिन्था, क्यामामाइललगायतका जडीबुटी खेतीले हात्तीलाई टाढा राख्ने मात्र होइन, किसानलाई राम्रो आम्दानी पनि दिलाउन सक्छ । तर, यसको लागि बजारको स्थायी व्यवस्थापन आवश्यक रहेको छ ।

'विगतमा दातृ निकायको सहयोगमा हात्ती प्रभावित क्षेत्रका बासिन्दालाई जडीबुटी खेतीसँगै प्रशोधन गर्ने मेसिनसम्म जडान गरेर दिएका थिए,' सुनदेवी उपभोक्ता समितिका हवल्दार चौधरीले भने, 'बजार नपाएपछि किसानले खेती गर्ननै छाडेका छन्, मेसिन खिया लागेर थन्किएका छन् ।'

हात्तीको समस्या मध्यवर्ती क्षेत्रका किसानका लागि चुनौती बनेको छ । तर, माहुरीपालन, गन्धयुक्त डोरीको प्रयोग र जडीबुटी खेतीजस्ता विकल्पलाई प्रभावकारी रूपमा लागू गर्न सकिए हात्तीलाई सहजै खेतबारीबाट टाढा राख्न सकिने देखिएको छ । यसले किसानको बाली पनि जोगाउनेछ, । उनीहरूको आयआर्जन बढाउनेछ र मानव-वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरण गर्न ठुलो सहयोग पुग्ने विज्ञहरूको भनाइ छ ।

## विपद्मा सशस्त्र प्रहरी

# ३ हजार ९ सय विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्ति परिचालन





**काठमाडौं/मस–** नेपालमा मनसुनजन्य विपद्को सामना गर्न सशस्त्र प्रहरी बल, नेपालले देशव्यापी रूपमा उद्धार कार्यलाई तीव्रता दिएको छ । सशस्त्र प्रहरी बलका वरिष्ठ उपरीक्षक दिगविजय सुवेदीले जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानअनुसार सशस्त्र प्रहरी बलले मनसुनजन्य विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा रहेको जानकारी दिए । मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ अन्तर्गत सशस्त्र प्रहरी बलले आफ्ना सबै युनिटबाट कम्तीमा ३५ जनाको फौजलाई विपद् उद्धारका लागि तैनाथ गरेको छ ।

सशस्त्र प्रहरी बलले देशभर ७ हजार ६१५ जना जनशक्तिलाई विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा राखेको छ । यीमध्ये १३५ जना प्रशिक्षित गोताखोर र ३ हजार ९०० जना विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्ति रहेका छन् । साथै, विपद् प्रभावित क्षेत्रमा उद्धार कार्यलाई प्रभावकारी बनाउन ३३ वटा मोटरबोट र ९६ वटा र्‍याफ्टिङ बोटसहित कुल १२९ वटा बोट तैनाथ गरिएको छ । यी बोटहरूले बाढी र डुबान प्रभावित क्षेत्रमा उद्धार कार्यलाई सहज बनाएका छन् ।

वरिष्ठ उपरीक्षक सुवेदीले भने, 'जल तथा मौसम विज्ञान विभागले एक साता अगाडि गरेको पूर्वानुमानअनुसार हामीले मनसुनजन्य विपद्का लागि व्यापक तयारी गरेका थियौं । हाम्रा सम्पूर्ण जनशक्तिलाई स्ट्यान्डबाइ अवस्थामा राखिएको छ, र हरेक युनिटबाट कम्तीमा ३५ जनाको फौज उद्धार कार्यमा परिचालित छ ।'

सशस्त्र प्रहरी बलले विपद् व्यवस्थापनमा समुदायसँग पनि समन्वयात्मक रूपमा काम गरिरहेको छ । करिब १ लाख ६८ हजार ६९५ जना विपद् सूचकहरू र ९९० जना तालिम प्राप्त समुदाय स्वयंसेवकहरूसँग सहकार्य गरिएको छ । यी स्वयंसेवकहरूले स्थानीय स्तरमा विपद् प्रभावित क्षेत्रमा उद्धार र राहत कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

सशस्त्र प्रहरी बलले काठमाडौं, रौतहट, झापा र इलाममा सक्रिय रूपमा उद्धार कार्य गरिरहेको छ । काठमाडौंको बल्खुस्थित वागमती नदी आसपासमा बसोबास गर्ने करिब १०० जना सुकुम्बासीहरूलाई जनविकास माध्यमिक विद्यालय, बल्खुमा सुरक्षित स्थानान्तरण गरिएको छ ।

रौतहटको गजुरा नगरपालिका-५, हरिपुरमा डुबानमा परेका १९ घरधुरीका ७५ जनालाई स्थानीय जागृति आधार भूत माध्यमिक विद्यालयमा स्थानान्तरण गरिएको छ । त्यस्तै, झापाको झापा गाउँपालिकामा ५१ घरमा पानी पसेपछि ती परिवारलाई कुमारी माध्यमिक विद्यालयमा सारिएको छ । गौरीगञ्जको झोराबस्तीमा १०५ घरमा पानी पसेपछि त्यहाँका बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

इलाम जिल्लाको इलाम नगरपालिका, माङ्सेबुङ गाउँपालिका र सूर्योदय नगरपालिकामा बाढी र डुबान प्रभावित क्षेत्रमा १६० जना सशस्त्र प्रहरी कर्मचारीहरू उद्धार कार्यमा खटिएका छन् । असोज १८ गतेदेखि देशभरका विभिन्न युनिटबाट कुल ९ हजार ३४६ जना सशस्त्र प्रहरी कर्मचारीहरू विपद् उद्धारमा परिचालित भएका छन् ।

सशस्त्र प्रहरी बलले मनसुनजन्य विपद्सँग जुध्न दीर्घकालीन रणनीति अपनाएको छ । तालिम प्राप्त जनशक्ति, गोताखोर, र विशेष उपकरणहरूको प्रयोगले उद्धार कार्यलाई थप प्रभावकारी बनाइएको छ । साथै, स्थानीय समुदाय र स्वयंसेवकहरूसँगको सहकार्यले विपद् व्यवस्थापनमा ठुलो सहयोग पुगेको छ ।

वरिष्ठ उपरीक्षक सुवेदीले भने, 'हामीले विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखेका छौं । हाम्रो लक्ष्य भनेको विपद्का कारण जनधनको क्षति कम गर्नु र प्रभावितहरूलाई तत्काल राहत प्रदान गर्नु हो ।'

नेपालको भौगोलिक बनावट र मनसुनको अनिश्चितताले विपद् व्यवस्थापनमा चुनौती थपिएको छ । तर सशस्त्र प्रहरी बलले आधुनिक उपकरण, तालिम प्राप्त जनशक्ति, र समुदायसँगको सहकार्यमार्फत यी चुनौतीहरूको सामना गरिरहेको छ । जलवायु परिवर्तनका कारण बाढी र डुबानका घटनाहरू बढ्दै गएकाले दीर्घकालीन योजना र पूर्वतयारीको महत्व झन् बढेको छ ।

सशस्त्र प्रहरी बलले आगामी दिनमा पनि विपद् व्यवस्थापनलाई थप सुदृढ गर्ने योजना बनाएको छ । थप तालिम, उपकरण, र समुदायसँगको सहकार्यलाई प्राथमिकता दिइने सुवेदीले बताए । साथै, जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य गरिने उनको भनाइ छ ।

नेपालमा मनसुनजन्य विपद्का कारण हरेक वर्ष ठुलो जनधनको क्षति हुने गरेको छ । सशस्त्र प्रहरी बलको यो सक्रियता र तयारीले प्रभावित क्षेत्रका बासिन्दाहरूलाई राहत प्रदान गर्नुका साथै विपद् व्यवस्थापनमा नयाँ आशा जगाएको छ ।

# नेपाल प्रहरीले विपद् प्रतिकार्यका लागि देशभर २० हजार जनशक्ति खटायो




**काठमाडौं/मस–** नेपाल प्रहरीले हालैको प्रतिकूल मौसम र सम्भावित प्राकृतिक विपद्को सामना गर्न देशभर २० हजार ४८५ जनशक्ति परिचालन गरेको छ । नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक (एसएसपी) सन्तोषकुमार भट्टराईले आइतबार बिहान प्राकृतिक विपद्को सामना गर्न देशभर २० हजार ४८५ जनशक्ति परिचालन गरिएको जानकारी दिए ।

एसएसपी भट्टराईका अनुसार, विपद् व्यवस्थापन कार्यालय, मातहतका गुल्महरू, र विभिन्न प्रहरी कार्यालयहरूबाट यो संख्यामा जनशक्ति परिचालन गरिएको हो । विशेषगरी, जल तथा मौसम विज्ञान विभागले भारी वर्षाको पूर्वानुमान गरेको आधारमा नेपाल प्रहरीले पहिलेदेखि नै विपद् प्रतिकार्यको तयारी गरेको थियो ।

'हामीले मौसम प्रतिकूलताको अवस्थालाई मध्यनजर गर्दै पूर्वतयारी गरेका थियौं । शनिबार मात्रै काठमाडौंमा १३० जना प्रहरी जनशक्ति परिचालन गरिएको थियो, जसमध्ये १५-१५ जनाको टोलीले र्‍याफ्टिङ बोटसहित उद्धार कार्यमा केन्द्रित भएर काम गरे,' भट्टराईले भने ।

उनले थपे, 'सातै प्रदेशका प्रहरी गुल्महरूमा १२५ जनाको दरले स्ट्यान्डबाई टोली तयारी अवस्थामा छन् । यी टोलीहरू मौसम प्रतिकूलताको समयमा तत्काल परिचालन हुन्छन् । हालसम्म देशभरका विपद् व्यवस्थापन कार्यालय, गुल्महरू, र प्रहरी कार्यालयहरूबाट २०,४८५ जनशक्ति सक्रिय रूपमा परिचालित छन् ।'

कोशी प्रदेशमा हाल पनि जोखिमपूर्ण अवस्था कायम रहेको भन्दै भट्टराईले संयुक्त रूपमा उद्धार कार्य भइरहेको बताए । विशेषगरी, इलाममा गएको पहिरोमा पुरिएका र बेपत्ता भएका व्यक्तिहरूको खोजतलास कार्य जारी रहेको उनले जानकारी दिए । 'हामीले जोखिम क्षेत्रहरूमा निरन्तर निगरानी र उद्धार कार्यलाई तीव्रता दिएका छौं,' उनले भने ।

काठमाडौं उपत्यकामा शनिबार मात्रै १३० जना प्रहरी जनशक्ति परिचालन गरिएको थियो । यी टोलीहरूले र्‍याफ्टिङ बोटसहित बाढी र डुबान प्रभावित क्षेत्रहरूमा उद्धार कार्यमा विशेष ध्यान दिएका थिए । भट्टराईका अनुसार, यस्ता टोलीहरूले विपद्को समयमा तत्काल प्रतिक्रिया दिन सक्ने गरी तयारी अवस्थामा राखिएको छ ।

नेपाल प्रहरीले विपद् व्यवस्थापनमा आफ्नो पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ । भट्टराईले भने, 'हाम्रो प्राथमिकता नागरिकको सुरक्षा र उद्धार हो। हामीले सातै प्रदेशमा रहेका प्रहरी गुल्महरू र विपद् व्यवस्थापन कार्यालयहरूलाई सधैं तयारी अवस्थामा राखेका छौं ।'

जल तथा मौसम विज्ञान विभागले आगामी दिनहरूमा पनि भारी वर्षाको सम्भावना रहेको जनाएको छ । यसलाई मध्यनजर गर्दै नेपाल प्रहरीले थप सतर्कता अपनाएको छ । विशेषगरी, पहिरो र बाढीको जोखिम रहेका क्षेत्रहरूमा निगरानी र उद्धार कार्यलाई तीव्र बनाइएको छ ।

इलाममा गएको पहिरोमा बेपत्ता भएका व्यक्तिहरूको खोजतलास कार्यलाई तीव्रता दिइएको छ । प्रहरी टोलीहरूले स्थानीय प्रशासन र अन्य सरोकारवालाहरूसँग समन्वय गरी उद्धार कार्यलाई प्रभावकारी बनाएको छ ।

नेपाल प्रहरीले आम नागरिकलाई मौसमको अवस्थालाई ध्यानमा राखी सुरक्षित स्थानमा रहन र आवश्यक सतर्कता अपनाउन पनि आग्रह गरेको छ । विपद्को समयमा सहयोग चाहिएमा नजिकको प्रहरी कार्यालय वा हटलाइन नम्बर १०० मा सम्पर्क गर्न सकिने प्रहरीले जनाएको छ ।

# विपद् प्रतिकार्यमा नेपाली सेनाका तालिमप्राप्त उद्धारकर्मी खटिए



**काठमाडौं/मस–** नेपाली सेनाले मनसुनजन्य विपद् व्यवस्थापनका लागि देशभर व्यापक तयारी गरेको छ । सेनाले २३७ जना विशेष तालिमप्राप्त उद्धारकर्मीहरूलाई अग्रिम रूपमा तैनाथ गरेको छ भने ७७ वटै जिल्लामा उद्धार टोलीहरू तयारी अवस्थामा राखिएको छ । सुर्खेत र इटहरीमा हेलिकोप्टरहरू तैनाथ गरिएका छन्, जसले विपद्को समयमा तत्काल उद्धार कार्यलाई सहज बनाउनेछ । यो तयारीले नेपालमा मनसुनको समयमा आउने बाढी, पहिरो र डुबानजस्ता विपद्हरूको प्रभावकारी सामना गर्ने लक्ष्य राखिएको छ ।

नेपाली सेनाका रथी विष्णुकुमार खड्काले मनसुनजन्य विपद् प्रतिकार्यका लागि सेनाको तयारीबारे विस्तृत जानकारी दिए । नेपाली सेनाले ७७ वटै जिल्लामा रहेका ९४ वटा गणहरूबाट एक-एक गुल्म र ५८ वटा गुल्महरूमा स्ट्यान्डबाई फौजलाई आधार भूत उद्धार सामग्रीसहित तयारी अवस्थामा राखेको छ ।

२७ स्थानमा २३७ जना विशेष तालिमप्राप्त उद्धारकर्मीहरू आफ्ना उपकरणहरूसहित अग्रिम रूपमा तैनाथ गरिएका छन् । यी टोलीहरू बाढी, पहिरो र डुबान प्रभावित क्षेत्रमा तत्काल परिचालनका लागि तयार छन् ।

उद्धार कार्यलाई तीव्र र प्रभावकारी बनाउन सुर्खेत र इटहरीमा एक-एक वटा हेलिकप्टर तैनाथ गरिएको छ । यी हेलिकोप्टरहरूले विपद् प्रभावित क्षेत्रमा तुरुन्तै पुगेर उद्धार कार्यमा सहयोग गर्नेछन् ।

सेनाले स्थानीय निकाय, अन्य सुरक्षा निकायहरू र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गर्न ज्येष्ठ अधिकृतहरूलाई जिम्मेवारी दिएको छ । खबर संकलन र सूचना आदानप्रदानलाई प्रभावकारी बनाइएको छ ।

रथी खड्काले भने, 'मौसम पूर्वानुमानले अत्यधिक वर्षा हुने संकेत गरेसँगै हामीले देशभरका ९४ वटा गण र ५८ गुल्महरूमा उद्धार टोलीलाई तयारी अवस्थामा राखेका थियौं । २३७ विशेष तालिमप्राप्त उद्धारकर्मीहरू उपकरणसहित २७ स्थानमा तैनाथ छन् । हवाई साधनमार्फत छिटो उद्धार होस् भन्ने उद्देश्यले सुर्खेत र इटहरीमा हेलिकप्टर राखिएको छ । समन्वयका लागि हामीले स्थानीय र अन्य सुरक्षा निकायहरूसँग प्रभावकारी संयोजन गरेका छौं ।'

नेपाली सेनाले डुबान प्रभावित क्षेत्रमा बस्ती स्थानान्तरण र सुरक्षित स्थानमा मानिसहरूलाई सार्ने कार्यमा पनि सक्रिय भूमिका खेलिरहेको छ । रथी खड्काका अनुसार, सेनाले स्थानीय निकाय र अन्य सुरक्षा निकायहरूसँग संयुक्त प्रयासमा यी कार्यहरू सम्पन्न गरिरहेको छ । डुबानबाट प्रभावित परिवारहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुका साथै आधारभूत राहत सामग्रीहरू वितरण गर्ने कार्यमा पनि सहयोग पुऱ्याइएको छ ।

नेपालमा मनसुनको समयमा बाढी, पहिरो र डुबानजस्ता प्राकृतिक विपद्हरू बारम्बार आउने गर्छन् । विशेषगरी तराईका जिल्लाहरू र पहाडी क्षेत्रमा यस्ता विपद्ले ठूलो जनधनको क्षति पुऱ्याउँदै आएको छ । विगतका वर्षहरूमा यस्ता विपद्हरूले सयौं मानिसको ज्यान गएको र हजारौं परिवार विस्थापित भएको तथ्याङ्क छ । नेपाल सरकार र नेपाली सेनाले यस्ता विपद्हरूको प्रभाव कम गर्न र उद्धार कार्यलाई प्रभावकारी बनाउन निरन्तर प्रयास गरिरहेका छन् ।

नेपाली सेनाको यो तयारीले विपद्को समयमा तत्काल उद्धार र राहत कार्यमा ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ । विशेष तालिमप्राप्त टोली र हेलिकप्टरको तैनाथीले प्रभावित क्षेत्रमा तुरुन्तै पुगेर मानवीय क्षति कम गर्न सकिने विश्वास गरिएको छ ।

नेपाली सेनाले विपद् व्यवस्थापनमा अन्य सुरक्षा निकायहरू, स्थानीय सरकार र गैरसरकारी संस्थाहरूसँगको समन्वयलाई प्राथमिकता दिएको छ । रथी खड्काले मौसम पूर्वानुमानलाई आधार मानेर सेनाले आफ्नो तयारीलाई थप बलियो बनाएको बताए । 'हामीले मौसम विभागको पूर्वानुमानलाई नजिकबाट नियालिरहेका छौं । विपद्को जोखिमलाई न्यूनीकरण गर्न हाम्रो टोली सधैं तयार छ,' उनले थपे ।

यसका साथै, सेनाले विपद् व्यवस्थापनसम्बन्धी तालिम र अभ्यासलाई पनि निरन्तरता दिइरहेको छ ।

## Vacancy Announcement

Flip Nepal Resorts is about to launch the resort in Kaskikot, a premier destination in Pokhara and is seeking an experienced and dynamic General Manager to lead our team and ensure exceptional guest experiences.

**Position: General Manager**

**Qualifications :-**

* Proven experience in hospitality management or a similar role with strong leadership and interpersonal skills.
* Experience in the pre-opening of hospital business.
* Proven experience in top managerial positions with four and five-star hotels with international brand and have experience working for over 15 years.
* Substantial experience as a Chief Hotel Manager.
* Strong academic background and degree in Hospitality Management.
* Excellent knowledge of Marketing Fundamentals, Leadership, Revenue Management, Financial Statements, and Customer Service.

**Benefits :-**

* Competitive salary and performance-based incentives.
* Accommodation: N/A

**How to Apply:** Interested candidates should send their resume and a cover letter to Flipnepalresorts@gmail.com by October 20, 2025. Please include "General Manager Application" in the subject line. Join our team and contribute to creating unforgettable experiences for our guests!

**Note: The priority shall be provided to the Nepalese candidate**

**FLIP NEPAL RESORTS PRIVATE LIMITED**
**Kaskikot, Pokhara Metropolitan City, Kaski Nepal**

## समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
**Samata Gharelu Laghubitta Bittiya Sanstha Limited**
Microfinance
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

### संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरुलाई जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०६ गते**
**दोश्रो पटक प्रकाशित मिति : २०८२/०६/१९ गते**

यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको कुल ४०,३२७ कित्ता संस्थापक शेयर बिक्री गर्न इच्छा राखि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई बिक्री प्रक्रिया अघि बढाउने निर्णय भई नियमानुसार विद्यमान संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था अनुसार मिति २०८२/०५/०६ गते "मध्यान्ह" राष्ट्रिय दैनिक पत्रिकामार्फत ३५ दिने सूचना प्रकाशित गरिएकोमा सो अवधिभित्र विद्यमान संस्थापक शेयरधनीहरुबाट उक्त शेयर खरिदको लागि निवेदन प्राप्त हुन नआएको हुँदा संस्थापक शेयर खरिद गर्न योग्य ईच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी आफुले खरिद गर्न चाहेको शेयरको कित्ता र दरभाउ स्पष्ट उल्लेख गरी कम्पनीको केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोकमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२०**

यस कम्पनीको मिति २०८२/०५/११ मा बसेको विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी **आयोटा एकाडेमी प्रा.लि. (Iota Academy Private Limited) (दर्ता नं. ३२७०६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०५/३१ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी **साङ्ग्रिला स्कूल ललितपुर प्राईभेट लिमिटेड (Shangrila School Lalitpur Private Limited)** कायम गरिएको जानकारी गराईन्छ ।

मध्यान्ह
www.madhyanhadaily.com
२० असोज २०८२ सोमबार
6 October 2025 Monday

सम्पादकीय

## सरकारको 'भिजिबिलिटी' बढ्यो, विश्वास पनि बढाओस्

मौसम विभागले पूर्वानुमान गरेजति नभए पनि अविरल वर्षाले शुक्रबार रातिदेखि आइतबार बिहानसम्म जनजीवन अस्तव्यस्त पार्‍यो । बाढीपहिरो र डुबानजन्य विपद्बाट कोशी, मधेस र बागमती प्रदेश प्रभावित भए । विपद्मा परी ५३ भन्दा धेरैको ज्यान गइसकेको छ भने हजारौं घर डुबानमा परेका छन् । पूर्वी नेपाल जोड्ने बिपी राजमार्गका विभिन्न खण्ड भत्किएको छ । गत वर्षको बाढीपहिरोले सडक बगाएपछि बनाइएका डाइभर्सनहरू पुनः बगेका छन् । मधेसका वस्ती र सरकारी कार्यालयहरू डुबानमा छन् । बाढी, पहिरो र डुबानले सयौं सर्वसाधारण विस्थापित भएका छन् ।

मौसम पूर्वानुमानलाई ध्यान दिंदै यसपटक सरकार विशेष चनाखो भई संवेदनशीलता देखायो । गत वर्ष असोज १२ मा काठमाडौंलगायत विभिन्न क्षेत्रमा यस पटकभन्दा ठुलो वर्षा भएको थियो । तर तत्कालीन सरकारले विपद्बाट नागरिकलाई जोगाउन पूर्वतयारी र संवेदनशीलता देखाउन नसकेको आरोप लागेको थियो । नख्खु खोलाले बीचमा घण्टौं सहयोग पर्खेर बस्दासमेत उद्धार हुन नसकेर चार जना बगेका थिए । हेलिकोप्टरबाट उद्धार गर्न भिजिबिलिटी नभएको तत्कालीन गृहमन्त्री रमेश लेखकको अभिव्यक्तिलाई आमनागरिकले पत्याएनन् । अमेरिकामा रहेका प्रधानमन्त्री केपी ओलीले भ्रमण नछोट्याएकोमा असन्तुष्ट सर्वसाधारण उनको असंवेदनशील अभिव्यक्तिले रूष्ट थिए । तर यसपटक प्रधानमन्त्री सुशीला कार्कीले देशवासीका नाममा सम्बोधन गर्दै विपद्को जोखिममा रहेका नागरिकलाई ढाडस दिइन् । गृहमन्त्री र सहरी विकासमन्त्री आवश्यक पूर्वतयारीमा खटेको देखियो । बाढीग्रस्त क्षेत्रमा मन्त्री नै उपस्थित भएर चासो देखाएपछि विपद् व्यवस्थापन, उद्धार र राहतमा अघिल्लो वर्षभन्दा सुधार भएको देखियो । बाढी दिउँसो आएकाले पनि उपत्यकामा मानवीय क्षति भएन । तर सरकारले राज्यको उपस्थितिको महसुस भने गरायो ।

बाढी, पहिरो र डुबानबाट सडक सञ्जाल विच्छेद, भौतिक तथा मानवीय क्षति र जनजीवन अस्तव्यस्त पारेर आरीघोप्टे मनसुन बाहिरिएको छ । विपद् पूर्वतयारी, सन्देश प्रवाह र उद्धारमा देखाएको सक्रियता सरकारले अब राहत वितरण, सडक सञ्जाल जोड्न र जनजीवनलाई सामान्य अवस्थामा फर्काउन देखाउनु पर्नेछ । भर्खरै बनेको अन्तरिम सरकारले विपद् व्यवस्थापन कसरी गर्ला भन्ने आमचासो थियो । जेनजी आन्दोलनका क्रममा नेपाल प्रहरीको मनोबल गिराउनेगरी देशभर योजनाबद्ध आक्रमण गरिएको थियो । त्यसले उद्धारमा सुरक्षा सक्रियता र समन्वयप्रति पनि चिन्ता थियो । तर विपद् व्यवस्थापनको पहिलो चरण सन्तोषजनक रूपमा पार लागेको छ । अब भत्किएका सडक सञ्जाल जोड्ने, ज्यान गुमाउने नागरिकका परिवारलाई राहत, विस्थापितलाई पुनर्स्थापनामा खरो उत्रिएर सरकारले संकटबाट पार लगाउनुपर्नेछ । नागरिकप्रतिको उत्तरदायित्वमा राज्यको 'भिजिबिलिटी' बढेको महसुस गरेका आमनागरिकको विश्वास जित्न पनि सरकार खरो उत्रिनुपर्छ ।

## सामाजिक सञ्जाल


रञ्जित तामाङ

एमाले नेताहरूमा गल्तीको महसुस त छैन नै, उल्टै सोडा हालेको फुरौला जसरी पुक्क फुलेर अहंकार ओकल्दै छन् । केपी ओलीलाई पनि सदस्य पनि नरहनेगरी कारबाही र केन्द्रीय पदाधिकारी सबैलाई बर्खास्त गरेर पुनर्संरचना गरिएन भने एमाले छिट्टै प्रजा परिषद्को थान्कोमा पुग्नेछ । लेखेरै राखे हुन्छ ।


प्रेमकान्त अधिकारी

आफ्नो पालामा गरेका आन्दोलनको वर्चस्व जोगाउने जिम्मा आफूहरूले नै गर्नुपर्ने भयो । दोस्रो अनि तेस्रो पुस्ताले वास्ता नगरेको आक्रोश बेकार छ किनभने उनीहरूलाई त्यो आन्दोलन किन केका लागि भएको थियो थाहा पनि थिएन र महत्व पनि भएन । क्षणिक स्वार्थपूर्तिको आन्दोलनयस्तै रहेछ ।


रमेश कुमार

नेतृत्व उमेरले होइन, गुणले नापिनुपर्छ । इमान भएको, सुशासनप्रति प्रतिबद्ध, नागरिकप्रति करुणा र संवेदनासहितको, सार्वजनिक भलाइप्रति समर्पित र अहंकार-दर्पविहीन नेतृत्व चाहिएको हो । उमेरले तरुण भए पनि 'मौकाको ताक'मा हुने र नागरिक हितभन्दा व्यक्तिगत लाभ अगाडि राख्ने मान्छे त के काम र !


विनोद न्यौपाने

प्रजातन्त्र भन्ने विषय बहुदले व्यवस्थामा पार्टीहरूको भकुन्डो हो । बितेका ३६ वर्षका असन्तुष्टि, नैराश्यता, संस्थागत लथालिंगता र संस्थागत भागबन्डा र सेटिङको विषय र धर्म, जातजातिमा, संस्कार र संस्कृतिमा तिमीहरूको विखण्डनकारी राजनीतिले तिमीहरूलाई नै डुबाउने वाला देखिन्छ !

# नयाँ मार्गमा नेपालको राजनीति

*जेनजी आन्दोलनसँगै राजनीति नयाँ मार्गमा छ । यो आन्दोलनले एक युगको अन्त्य गरेको छ र अर्को युगको सुरू हुने संकेत गरेको छ । यद्यपि यो मार्ग कता जाँदै छ भन्ने यकिनपूर्वक भन्ने अवस्था छैन ।*

अग्रलेख


● चन्द्रबहादुर बस्याल

लोकतन्त्र प्राप्तिपछि मुलुकमा राजनीतिक हिसाबले व्यवधान नआउलान् भन्ने बुझाइ धेरैमा थियो । समयक्रमसँगै लोकतन्त्र थप उन्नत हुँदै जानु पनि नियम नै हो । तर दुई दशक नहुँदै ठुलो बलिदानबाट प्राप्त लोकतान्त्रिक व्यवस्थामाथि नै प्रश्न उब्जिएको छ । जेनजी आन्दोलनसँगै राजनीति नयाँ मार्गमा छ । यो आन्दोलनले एक युगको अन्त्य गरेको छ र अर्को युगको सुरु हुने संकेत गरेको छ । यद्यपि यो मार्ग कता जाँदै छ भन्ने यकिनपूर्वक भन्ने अवस्था छैन । नयाँ मार्गमा मुलुक प्रवेश गर्दै गर्दा लोकतान्त्रिक मूल्य मान्यता नै धुलिसात त हुने होइन भन्ने पनि प्रश्न आममा उब्जिएका छन् ।



### जेनजीको विद्रोह

सन् १९९७ देखि २०१२ सम्म जन्मेका यी युवा अत्याधुनिक प्रविधि र इन्टरनेटको प्रभावमा हुर्किएका छन् । यसले उनीहरूको राजनीतिक र सामाजिक सोच परम्परागत भन्दा निकै फरक बनायो । नेपालजस्तो विकासशील राष्ट्रका लागि जेनजीको विद्रोह भनेको एक नयाँ सोचको आरम्भ हो । समाजमा रहेका असमानता, राजनीतिक दलहरूको असफलता र भ्रष्टाचारप्रति उनीहरूको असन्तुष्टि स्वाभाविक थियो ।

विगतका दुई दशकको राजनीतिक परिप्रेक्ष्यले जेनजीलाई निराश बनाएको थियो । लोकतन्त्र प्राप्त गर्ने क्रममा आम नागरिकले ठुलो संघर्ष गरे तर त्यसपछि दलको भ्रष्टाचार र स्वार्थको कारण यो संघर्ष व्यर्थजस्तो लाग्न थाल्यो । जेनजी युवाले यसबाट असहज महसुस गरे । उनीहरूले महसुस गरे कि यो राजनीतिक प्रणालीले ठगेको छ र भविष्य उज्ज्वल बनाउन असफल भएको छ । २०८२ सालको आन्दोलनले यस असन्तुष्टिको उच्चारण गर्‍यो र यस आन्दोलनले व्यापक सामाजिक असन्तोषको प्रतीक बन्यो । जसले देखिँदा जननिर्वाचित सरकारलाई अपदस्त मात्रै गरेन ठुलो स्तरमा ध्वंस पनि मच्चायो । मुलुकको अहिलेको अवस्था जेनजी विद्रोहमा बनेको धरातल हो ।

### जेनजी आन्दोलनको मूल कारण

जेनजीको विद्रोहको मुख्य कारण भनेको नेपाली राजनीतिमा दलहरूको अक्षमता र असफलता हो । मुलुकको स्थिरता र प्रगतिको लागि विभिन्न आन्दोलन, संविधान निर्माण र सुधारका प्रयास धेरै अगाडि नै भए । तर सत्तामा रहेका राजनीतिक दल जति सत्ता जोगाउन सफल भए उत्तिकै उनीहरूको भ्रामक चालबाजी र भ्रष्टाचारका कारण जनता निराश भए । यसैमा जेनजीका युवाहरूको आवाज उठ्यो । उनीहरूले अनलाइन प्लेटफर्म र सामाजिक सञ्जालहरूमा आफ्नो असन्तुष्टि व्यक्त गर्न थाले ।

उनीहरूले प्रदर्शनको मञ्चका रूपमा सोसल मिडिया अपनाए । आफ्ना विचार खुला रूपमा प्रस्तुत गरे र राजनीतिक दलहरूको आलोचना गर्न थाले । 'नेपो-बेबी' (नेपाली नेताका सन्तानहरूको विलासी जीवनशैली) ह्यासट्यागमार्फत नेपाली समाजमा व्याप्त असमानता र भ्रष्टाचारको तीव्र आलोचना गरे । यसले राजनीतिक दलहरूको नीतिहरू र नेताहरूको चरित्र उजागर गर्‍यो । नतिजा स्वरूप, जेनजी आन्दोलनले एक नयाँ किसिमको जनचेतना र जागरुकता उत्पन्न गर्‍यो ।

*जेनजीका युवाहरूको असन्तुष्टिमा आधारित अहिलेको आन्दोलनले हाम्रो राजनीति र शासन व्यवस्थामा गहिरो प्रश्न उठाएको छ । अब समय आएको छ- दलहरूले आफ्नो दृष्टिकोणमा सुधार ल्याउने र जनताको विश्वास पुनः प्राप्त गर्नेतर्फ अघि बढ्ने । यद्यपि यो मार्ग सजिलो छैन ।*

### जेनजीको निराशा र दलहरूको असफलता

१० वर्षे माओवादी सशस्त्र युद्धको आधारमा २०६२/६३ को जनआन्दोलनपछि नेपालले लोकतन्त्रको सुरुवात गरेको थियो । तर दलहरूको आन्तरिक असहमति, भ्रष्टाचार र आत्मकेन्द्रित स्वार्थले लोकतन्त्रको मार्गलाई विकृत बनायो । यसको कारण अहिलेका जेनजी युवाहरूले राजनीतिक दलप्रति गहिरो वितृष्णा महसुस गर्न थाले । उनीहरूले जितेको संघर्ष बर्बाद भएको र सरकारको असफलता मात्र देखेका छन् ।

केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड', शेरबहादुर देउवा जस्ता नेताहरूको नेतृत्वमा के भएको छ ? जसरी उनीहरूले विगतका सत्तामा आक्रोश र असन्तुष्टि निम्त्याए, त्यस्तै जेनजीका युवाहरूले राजनीतिक दलहरूको भविष्यबारे प्रश्न उठाएका छन् । यद्यपि जेनजीको आन्दोलनको अन्तिम नतिजा विध्वंसमा परिणत भयो । यस आन्दोलनको क्रममा सार्वजनिक सम्पत्ति नष्ट मात्रै भएन सरकारको सख्त रवैयाले जनमानसको असन्तोषलाई अझ बढायो ।

### जेनजीको विडम्बना

आजको जेनजीको अवस्था विडम्बनापूर्ण छ । यो पुस्ता आधुनिकता र प्रविधिको फाइदा उठाएर राम्रो भविष्यको सपना देखिरहेको थियो, तर यसैबीच उनीहरू असफल र भ्रष्ट राजनीतिक व्यवस्थाबाट पिरोलिएका छन् । जेनजी युवाहरूलाई यो राजनीति निरर्थक र निराशाजनक देखिएको छ । उनीहरूले पाएका आन्दोलन र संघर्षका केही प्रभाव देखिए पनि समाजका ठुलो भागमा समस्याको समाधान हुने कुनै आशा देखिँदैन ।

यद्यपि जेनजीको विद्रोहको गहिरो अर्थ छ । यो जनताको लामो समयदेखि चलिरहेको असन्तुष्टिको नतिजा हो र राजनीतिक दलले यसलाई गम्भीरतासाथ लिनुपर्छ । जेनजीका युवाहरूको आवाजलाई बेवास्ता गर्दा, नेपालको राजनीति अझै निराशाजनक अवस्थामा रहन सक्छ ।

### भविष्यको सम्भावना

अब नेपालको राजनीतिक धारा फेरि एकपटक चित्त बुझ्दो र सुधारात्मक दिशामा जानुपर्छ । यद्यपि यो कार्य एउटै दलको मात्र जिम्मेवारी होइन । यसका लागि सबै दल र नागरिक समाजले सँगै सहकार्य गर्नु आवश्यक छ । अबका चुनौती जेनजी आन्दोलनका युवालाई ध्यानमा राखेर समाधान गर्नुपर्छ । जेनजीका समस्यालाई ध्यानमा राख्दै र उनीहरूको विचारको आधारमा राजनीतिमा सुधार ल्याउन सके मात्रै हामी लामो समयसम्म स्थिरता र समृद्धिको बाटोमा अघि बढ्न सक्छौं ।

आन्दोलनका समयमा जेनजीका युवाहरूले सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मको माध्यमबाट आवाज उठाए । अब यस आवाजलाई राजनीतिक दलहरूले सुनिदिनुपर्छ र यथार्थमा सुधारका योजना ल्याउनुपर्छ । नत्र भने, भविष्यमा अर्को जेनजी आन्दोलनको लहर उठ्न सक्छ । नेपालको भविष्य जेनजीका युवाहरूको आक्रोश र संघर्षको नतिजामा आधारित हुनेछ, जसले अहिलेको राजनीतिक व्यवस्थाको कमजोर पक्षलाई उजागर गरेको छ ।

### निष्कर्ष

नेपालले सशक्त लोकतन्त्र र समृद्ध राष्ट्र बन्न राजनीतिक दलहरूको जिम्मेवारी अत्यधिक महत्वपूर्ण छ । जेनजीका युवाहरूको असन्तुष्टिमा आधारित अहिलेको आन्दोलनले हाम्रो राजनीति र शासन व्यवस्थामा गहिरो प्रश्न उठाएको छ । अब समय आएको छ- दलहरूले आफ्नो दृष्टिकोणमा सुधार ल्याउने र जनताको विश्वास पुनः प्राप्त गर्नेतर्फ अघि बढ्ने । यद्यपि यो मार्ग सजिलो छैन । तैपनि दलहरू लोकतान्त्रिक मूल्य मान्यतालाई जोगाउन कठिन यात्रामा हिँड्न तयार हुनुपर्छ । यदि लोकतान्त्रिक मूल्यमान्यतालाई कायमै राख्न सकेनौं भने मुलुकमा अर्को ठुलो विनाशको अवस्था आउनेमा दुविधा छैन ।

# विपद्मा पूर्वसावधानी

विचार


खगेन्द्र पौडेल

*नेपाल जस्तो विपद्को उच्च जोखिम रहेको देशमा विपद्मा पूर्वसावधानीका उपायहरूको कार्यान्वयन अत्यन्तै आवश्यक छ । जोखिम मूल्यांकन, संरचनागत सुरक्षा, जनचेतना र प्राविधिक तयारीमा जोड दिने हो भने, नेपालले आफ्नो विपद्को असरलाई कम गर्न सक्छ र जनजीवनलाई थप सुरक्षित बनाउँछ ।*

विपद् भनेको कुनै पनि प्राकृतिक वा मानवजन्य घटनाको परिणाम हो जसले जनजीवन, सम्पत्ति र पर्यावरणमा ठुलो प्रभाव पार्न सक्छ । नेपालजस्तो भौगोलिक दृष्टिले संवेदनशील देशमा विपद्सम्बन्धी पूर्वसावधानीको आवश्यकता अत्यन्तै महत्वपूर्ण छ । नेपाल प्रायः भूकम्प, बाढी, पहिरो, हावाहुरी र अन्य प्राकृतिक विपद्सँग जुधिरहेको देश हो । यसले गर्दा कुनै पनि विपद्को सम्भावना पहिचान गरी त्यसको पूर्वतयारी र प्रबन्ध गर्नु आवश्यक छ । विपद्मा पूर्वसावधानीका उपायहरूले न केवल मानव जीवनको सुरक्षा गर्न सहयोग पुर्‍याउँछन्, बरु समाज र राष्ट्रको समग्र विकासमा पनि योगदान पुर्‍याउँछन् ।

नेपालको भूगोल र जलवायु विविधताले यसलाई विभिन्न प्रकारका प्राकृतिक विपद्का लागि जोखिमपूर्ण बनाउँछ । भूकम्प र पहिरो नेपालका प्रमुख समस्याका रूपमा चिनिन्छन् । २०७२ को भूकम्प यसको एउटा प्रमुख उदाहरण हो, जसले हजारौं मानिसको जीवन लियो र लाखौंको सम्पत्ति नष्ट गर्‍यो । यस घटनाले विपद् व्यवस्थापनको महत्वलाई अझ प्रकट गर्‍यो । विपद्मा पूर्वसावधानीको प्रमुख उद्देश्य भनेको जनजीवनको सुरक्षा गर्नु र विपद्को प्रभावलाई न्यूनतम बनाउनु हो ।

विपद्मा पूर्वसावधानीका उपायका धेरै पक्ष छन् । यसको उद्देश्य भनेको जोखिमको मूल्यांकन गर्नु र जोगिनु हो । नेपालजस्तो विकासोन्मुख राष्ट्रमा पूर्वसावधानीको एउटा प्रमुख कदम भनेको उच्च जोखिम भएका क्षेत्रहरूको पहिचान गर्नु हो । यसका लागि भूगर्भीय अध्ययन र मौसम विज्ञानको महत्वपूर्ण भूमिका छ । विशेषगरी भूकम्प र पहिरोका क्षेत्रमा जोखिम विश्लेषण गर्नुपर्छ । नेपालका धेरै भेगहरू जस्तै काठमाडौं उपत्यका, पोखरामा भूकम्पको जोखिम उच्च छ भने, तराई क्षेत्र बाढी र कटानको जोखिमले ग्रस्त छ । यस्तो अवस्थामा, जोखिमको पहिचान र त्यसको आधारमा पूर्वसावधानीका उपाय तयार गर्नुपर्छ ।

प्राविधिक र संरचनागत तयारी पनि महत्वपूर्ण छ । नेपालमा संरचनागत क्षति विशेष रूपमा भूकम्प र पहिरोका कारण हुने गर्छ । भूकम्प र पहिरोको लागि मापदण्डमा आधारित भवन निर्माण गर्नुपर्छ । भूकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि सरकारी निकायहरूले जनचेतना कार्यक्रम र मापदण्ड लागू गर्नु आवश्यक छ । यसका अतिरिक्त, भूकम्प र अन्य विपद्मा इमारतहरूको स्थायित्व सुनिश्चित गर्न प्राविधिक मानकहरूको अनुसरण गर्न महत्वपूर्ण छ । संरचनागत सुरक्षा भन्दा पनि, विपद् सर्तकता र जोखिम न्यूनीकरणका लागि बनावटमा सुधार ल्याउनु आवश्यक छ ।

विपद् सुरक्षा र आपत्कालीन सेवा प्रणालीको सुदृढीकरण गर्नु पनि आवश्यक छ । विपद्को समय होस् वा पूर्वसावधानीको बेला, आपत्कालीन सेवाहरूको उच्चस्तरीय व्यवस्थापनले ठुलो भूमिका खेल्छ । नेपालका विभिन्न स्थानमा आपत्कालीन सेवाहरूको नेटवर्कको अभाव छ भने, केही ठाउँमा प्राथमिक स्वास्थ्य सेवाको पनि कमी छ । त्यसैले, विपद्का समयमा जनतालाई प्राथमिक उपचार र उद्धारको सेवा दिने क्षमता विकास गर्नु अत्यन्तै महत्वपूर्ण छ । स्थानीय स्तरमा आपत्कालीन केन्द्रहरूको सञ्जाल विस्तार गर्नुपर्छ, जसले गर्दा विपद्को अवस्थामा तिनीहरूलाई छिटो राहत र सहायता पुर्‍याउन सकिन्छ ।

सामुदायिक सहभागिता र जनचेतनाको महत्व ठुलो छ । नेपालका धेरै ग्रामीण क्षेत्रहरूमा विपद्का बारेमा थाहा पाउन र त्यसमा सजग रहनका लागि पर्याप्त जानकारीको अभाव छ । यसैले, विपद्मा पूर्वसावधानीको पहिलो कदम भनेको जनचेतना अभिवृद्धि गर्नु हो । गाउँगाउँमा स्थानीय नेतृत्वको सहयोगमा विपद्का जोखिमका बारेमा जागरुकता फैलाउनुपर्ने हुन्छ । साथै, समुदायको सहभागितामा विपद् तयारी र योजना निर्माण गर्नाले घटनामा तीव्र प्रतिक्रिया जनाउन मद्दत गर्छ । जसरी जनचेतना र सामुदायिक तयारीले विपद्मा जनहानि कम गर्न सहयोग पुर्‍याउँछ ।

प्रविधिको उपयोगमा वृद्धि गर्नु पनि उत्तिकै आवश्यक छ । आजको समयमा, सूचना प्रविधीको उपयोग विपद् व्यवस्थापनमा एक महत्वपूर्ण उपकरण बनिसकेको छ । नेपालमा मोबाइल एप्स र इन्टरनेटको प्रयोगले विपद्बारेमा तात्कालिक जानकारी र पूर्वसावधानीका उपायहरूको सूचना सम्प्रेषण गर्न मद्दत पुर्‍याउँछ । साथै, नेपालमा रेडियो र टेलिभिजनको माध्यमबाट विपद्का जोखिमको बारेमा सूचना वितरण गर्नुपर्छ । मौसम र विपद्को पूर्वानुमान प्रणालीलाई सुदृढ गर्न र त्यसबारे जनतालाई जानकारी दिन उच्च प्रविधिको प्रयोगको आवश्यकता छ ।

विपद्को प्रभावलाई न्यूनतम गर्न सहरी र ग्रामीण संरचनामा दिगो र सस्तो उपायहरूको प्रयोग गर्नु महत्वपूर्ण छ । यसका लागि सरकार र निजी क्षेत्रको सहकार्य र समुदायको सक्रिय सहभागिता आवश्यक छ । नेपालमा विपद्को प्रभावलाई न्यूनीकरण गर्न नागरिक समाज, सरकारी निकाय र अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोग आवश्यक छ ।

निष्कर्षमा, नेपालजस्तो विपद्को उच्च जोखिम रहेको देशमा विपद्मा पूर्वसावधानीका उपायहरूको कार्यान्वयन अत्यन्तै आवश्यक छ । जोखिम मूल्यांकन, संरचनागत सुरक्षा, जनचेतना र प्राविधिक तयारीमा जोड दिने हो भने, नेपालले आफ्नो विपद्को असरलाई कम गर्न सक्छ र जनजीवनलाई थप सुरक्षित बनाउँछ । यो केवल सरकारले मात्र गर्ने काम होइन, बरु हरेक नागरिक र समुदायको पनि जिम्मेवारी हो ।

# हर्षचोकका श्रेष्ठ परिवार पीडामा

## लाङटाङमा बेपत्ताको छिटो खोजी गरिदिन आग्रह

**भक्तपुर/मस-** सूर्यविनायक नगरपालिका-४ हर्षचोकस्थित ओम सिर्जनशील समाज बस्ती यतिखेर पीडामा डुबेको छ । लाङटाङ घुम्न गएका आफ्ना तीन सन्तान रसुवाको गोसाइँकुण्ड गाउँपालिका-४ को बेरिङ खोल्साले बगाएर बेपत्ता भएको थाहा पाएपछि परिवारसहित टोल-बस्ती नै पीडामा डुबेको छ ।

रोजगारीको सिलसिलामा विगत चार वर्षदेखि दुबईमा बस्दै आएकी २६ वर्षीया सनिता श्रेष्ठ असोज ९ गते मात्र यस वर्ष परिवारसँग दसैं मनाउन दुबईबाट बिदा लिएर घर आएकी थिइन् ।

रोट्र्याक क्लबको नेतृत्वमा दसैंको टीका सकेर सनितासँगै बहिनी २४ वर्षीया संस्कृति श्रेष्ठ र भाइ २० वर्षीय कृष्ण भन्ने चितलाल श्रेष्ठ १८ गते शनिबार दिउँसो करिब ५ बजे बेरिङ खोल्छा तर्नेक्रममा आएको पहिरोसँगैको लेदो पानीले बगाएर बेपत्ता भएको जानकारी प्राप्त हुनासाथ आफूहरूले अकल्पनीय पीडा बेहोर्नुपरेको बेपत्ता भएकाहरूका काका केशव श्रेष्ठले जानकारी दिए ।

१६ गते दसैंको टीका लगाएर रमाइलो गरेको परिवारमध्ये १७ गते बिहान करिब ५ बजे बजे पाँचदिने यात्रामा लाङटाङ घुम्न गएका उनीहरूसँगै भक्तपुर नगरपालिका-१० क्वाठन्डौं बस्ने २३ वर्षीय रवि श्रेष्ठसमेत यात्रा पूरा नगर्दै बेपत्ता भएका छन् । उनीहरू बेपत्ता भएसँगै यात्रामा रहेका १६ जनाको टोलीमध्ये १२ जना साथी गुमाउँदाको पीडासहित यतिखेर रसुवामै विक्षिप्त अवस्थामा छन् ।



पहिलो दिन भक्तपुरबाट बेक्बो, दोस्रो दिन बेम्बोबाट लाङटाङ, तेस्रो दिन लाङटाङबाट खानजिङ गोम्पा, चौथो दिन खानजिङ गोम्पाबाट काञ्जिन रि र पाँचौं दिन काञ्जिन रिबाट भक्तपुर फर्कने गरि १७ गते बिहान भक्तपुरबाट गएको १६ जनाको टोलीले गोसाइँकुण्ड-५ स्थित ब्याम्बो होटलमा बास बसेर लाङ्टाङतर्फको यात्रा तय गरेको थियो ।

श्रेष्ठका काका केशवले भने, 'हामी हिजैदेखि सम्पर्कका लागि पटकपटक प्रयास गरिरहेका थियौं । यात्रामै रहेका टोलीमध्येका अहिले बेम्बो होटलमा बसिरहेका चार जनासँग कुरा पनि भयो । उनीहरूका अनुसार खोल्छा तर्ने क्रममा अचानक माथिबाट आएको पहिरोसँगैको लेदोमा पहिलोपटक सनिता बगिन् र उनलाई बचाउन गएकी बहिनी संस्कृति पनि बगिन, फेरि उनलाई बचाउन जाँदा भाई कृष्ण समेतलाई बगाएर अन्तिममा साथी रविलाई पनि बगाएछ ।'

एकले अर्कालाई बचाउँन जाँदा चारै जना बेपत्ता भएको टोलीमै रहेका प्रत्यक्षदर्शीले जानकारी दिएको उनले बताए । शनिबार दिउँसो ४ बजेसम्म आमा-छोरीको कुराकानी भइरहेको जानकारी दिँदै उनले राति करिब ८ बजे एक्कासी बेपत्ता भएको जानकारी आएपछि दाजुको घरमा गएर सम्पर्कको प्रयास गरिरहेको र रसुवाको प्रहरीसँग सम्पर्क गरेको बताए ।

तीन सन्तान एकैपटक बेपत्ता भएपछि पिता कृष्णबहादुर श्रेष्ठ र आमा सरिता श्रेष्ठ गहिरो शोकमा छन् । पाँच छोरी र एक छोरा रहेका श्रेष्ठ दम्पतीका एक छोरा र दुई छोरी एकैपटक बेपत्ता भएपछि हिजैदेखि परिवार न भोक न निन्द्रा सबै छाडेर पीडामा डुबेको छ । उनीहरूको अवस्था अझै अज्ञात रहेकाले तीव्र रुपमा खोजी कार्य गरिदिन काका केशवले आग्रह गरे । उनीहरूको अबस्था कस्तो छ भन्ने जानकारी परिवारले कुरिरहेको उनी बताउँछन् ।

यता बेपत्ता रवि श्रेष्ठका बुबा राजु श्रेष्ठ शनिबार ३ बजेसम्म छोरोको आमा बुद्धलक्ष्मीसँग कुराकानी भइरहेको र होटलमा पुगेको जानकारी गराएको बताउँछन् । बीचमा फोन गर्दा सम्पर्क नभएको तर राति करिब ८ बजे एक्कासी सामाजिक सञ्जालमा बेपत्ता भएको खबर आएपछि रसुवा प्रहरीसँग सम्पर्क गरेर जानकारी लिएको उनले बताए ।

रवि बेपत्ता भएको खबरसँगै उनका वृद्ध हजुरबुबा, हजुरआमा, आमा बुद्धलक्ष्मी, बहिनी रविना र बुवा राजुको आँखा ओभाएको छैन भने खोजी गरेर सकुशल रहेको खबर सुन्ने आशामा सिंगो परिवार यतिखेल खबर कुरिरहेको छ ।

शुक्रबार बिहान करिब ४ बजे साथीसँग घुम्न निस्केको छोरा बेपत्ता भएको खबरले शनिबार साँझदेखि श्रेष्ठ परिवार र आफन्तजन पीडामा छन् । छोराको छिटो खोजी गरिदिन रविका बुवा राजु सरकारलाई आग्रह गर्छन् ।

यसबारेमा जानकारी लिँदा जिल्ला प्रहरी कार्यालय रसुवाका सूचना अधिकारी प्रहरी निरीक्षक राजु शाहले बेपत्ताको खोजीका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोली घटनास्थल पुगेर बेपत्ताको खोजी कार्य जारी राखेको जानकारी दिए ।

उनले नुवाकोटको सिमानासम्म खोज तथा उद्धार टोली परिचालन गरिएको र नुवाकोट प्रहरीलाई पनि घटनाबारे जानकारी गराएर खोजी कार्य भइरहेको उनले जानकारी दिए । जिल्ला प्रशासन कार्यालय रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले बिहानदेखि बेपत्ताको खोजीमा सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिए ।

# विपद्बाट क्षतिग्रस्त सडकको मर्मत कार्य तीव्र गतिमा गरिने

**काठमाडौं/मस-** ऊर्जा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले वर्षाका कारण बन्द भएको काठमाडौंबाट पश्चिमतर्फका सडक तत्कालै खोल्ने गरी तयारी भइरहेको र विपद्बाट क्षतिग्रस्त विभिन्न सडकको मर्मत कार्य तीव्र गतिमा गरिने प्रतिबद्धता जनाएका छन् ।



आइतबार मन्त्रालयमा गरिएको पत्रकार सम्मेलनमा घिसिङले नेपालको पूर्व क्षेत्रमा अझै पनि वर्षा हुनेक्रम जारी रहेको वर्षा कम भएपछि मात्रै सडक सुधारको कार्य थालिने बताए । जल तथा मौसम विज्ञान विभागले सोमबारदेखि भने मौसममा सुधार भई वर्षा कम हुने जानकारी गराएको छ ।

शुक्रबारदेखि आइतबारसम्मको लगातार भारी वर्षा र जलवायुजन्य घटनाका कारण देशका विभिन्न स्थानमा उत्पन्न भूस्खलन र बाढीले सडकमा अवरोध तथा यातायातमा ठूलो असर परेको मन्त्री घिसिङको भनाइ छ । 'प्रभावित क्षेत्रमा आवश्यक जनशक्ति र उपकरण परिचालन गर्दै, प्रमुख राजमार्गका अवरुद्ध खण्डमा दिनरात मर्मत कार्यलाई तीव्र गति दिइरहेको छ,' उनले भने ।

विपद्का कारण केही भौतिक क्षति भए पनि सरकारको पूर्वतयारीका कारण ठूलो मानवीय क्षति भने हुन नपाएको मन्त्री घिसिङले जानकारी दिए । काठमाडौंदेखि पश्चिम मुग्लिन हुँदै पोखरा र नारायणगढ जाने पृथ्वी राजमार्ग, नारायणगढ-मुग्लिन राजमार्गमा यातायात सञ्चालनमा अवरुद्ध नभएको सडक विभागको भनाइ छ । विभागका महानिर्देशक विजय जैसीले बिपी राजमार्ग (भकुण्डेबेंसी-नेपालथोक खण्ड) र मेची राजमार्गको अवरोध हटाउने कार्यमा पनि चाँडै प्रगति हुने बताए । सडक विभागले स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी र स्थानीय निकायसँग समन्वय गरी मर्मत तथा सडक खोल्ने कार्यलाई तीव्रता दिएको उनको भनाइ छ ।

# एक करोड खर्चेर अतिथि आवास निर्माण

**बागलुङ/मस-** भक्तजनको सुविधाका लागि बिहुँस्थित कोतघरमा दुई वटा अतिथि आवासगृह निर्माण गरिएको छ ।




बिहुँकोटबाट रोजगारीको सिलसिलामा जापान पुगेकाहरूको सहयोगमा बागलुङको काठेखोला गाउँपालिका-६ स्थित बिहुँकोत मन्दिरमा दुई पक्की आवासगृह निर्माण गरिएको हो । जापान समाज बिहुँकोट र बिहुँकोट समाज जापानको पहलमा विभिन्न ५१ जनाले प्रदान गरेको रु एक करोड रकमबाट २६ जनासम्म बस्न मिल्ने अतिथि आवासगृह निर्माण गरिएको बिहुँकोट समाज जापान तथा अतिथि आवासगृह निर्माणका संयोजक दीपक कँडेलले जानकारी दिए ।

तल्लो र उपल्लो दुई कोतघरमै दुई पक्की अतिथि अवासगृह निर्माण गरेर फूलपातीको दिन हस्तान्तरण गरिएको कँडेलले बताए । उनले हालसम्म रु एक करोड १० लाख रकम संकलन भइसकेको र कोतघरमा अन्य पूर्वाधारको कामसमेत हुने बताए ।

दुई अतिथि आवास निर्माणमा भने रु एक करोड खर्च भइसकेको बताए । रोजगारीको सिलसिलामा जापानमा रहेका बिहुँकोट निवासीबाट संकलन भएको रकमबाट बिहुँकोत मन्दिरमा विभिन्न पूर्वाधार निर्माणसँगै फुलपाती मेलाको आयोजना गरिन थालेको जापान समाज बिहुँकोटका अध्यक्ष नारायणप्रसाद कँडेलले बताए ।

उनले बिहुँकोटमा आउने भक्तजनलाई खाना र बस्नको व्यवस्थापनका लागि आवासगृह निर्माण गरिएको बताए । उनले प्रचारप्रसारको अभावमा ओझेलमा परेको बिहुँकोत मन्दिरलाई उजागर गर्ने पूर्वाधार निर्माण गर्ने लगायतका काम जापानमा बस्ने बिहुँकोट निवासीबाट भइरहेको बताए ।

तीन वर्षयता शौचालय, तारबार, सडक ढलान, खानेपानी, पदमार्ग र प्रवेशद्वार जस्ता पूर्वाधार निर्माणको काममा बिहुँकोट समाज जापान सक्रिय रहेको छ । फुलफातीका दिन रु एक करोड लागतमा निर्माण भएको अतिथि आवासगृहको उद्घाटन बिहुँकोट समाज जापानका संरक्षक तथा समाजसेवी दीपक सुवेदीले गरेका थिए ।

# सर्लाहीमा अविरल वर्षाले डुबान र कटान, जनजीवन प्रभावित

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, १९ असोज

शुक्रबार रातिदेखिको अविरल वर्षाले सर्लाही जिल्लामा डुबान र तटबन्ध कटानको समस्या निम्त्याएको छ । जिल्ला भएर बग्ने विभिन्न खोलाहरूले ठाउँठाउँमा तटबन्ध कटान गर्दा दर्जनौं घर डुबानमा परेका छन् । वर्षाको पानीले निकास नपाउँदा सदरमुकाम मलंगवासहित विभिन्न क्षेत्रमा जनजीवन प्रभावित भएको छ ।



कौडेना गाउँपालिका-७, शिवनगरमा लखन्देही खोलाले तटबन्ध कटान गर्न थालेपछि स्थानीयलाई सुरक्षित स्थानमा सारिएको छ । आइतबार बिहान प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठसहितको टोलीले सो क्षेत्रको अनुगमन गरेको छ । स्थानीय ज्योत नारायण गिरिका अनुसार, भारी वर्षापछि लखन्देही खोलाले बारम्बार तटबन्ध कटान गर्दा गाउँमा बाढी पस्ने गरेको छ । यस्तै, कौडेना गाउँपालिका-३, पर्सा र ६, छपकैयामा पनि खोलाको पानी पस्दा १० भन्दा बढी घर डुबानमा परेका छन् । सक्रौलमा पनि तटबन्ध कटानको जोखिम बढेको छ ।

भारतीय पक्षले अग्लो बनाएको सडकका कारण पानीको निकास रोकिँदा सदरमुकाम मलंगवामा मुख्य नाका, प्रहरी चौकी गोरखकाली, भन्सार कार्यालय र आसपासका घरहरू डुबानमा परेका छन् । यस्तै, चक्रघट्टा गाउँपालिका-५ मा लखन्देही खोलाको बाढीले इलाका प्रहरी कार्यालयसहित १७ घरधुरी जलमग्न भएका छन् । हरिवन नगरपालिका-११, चिनमी मिल क्षेत्रमा वर्षाको पानीले निकास नपाउँदा ४० भन्दा बढी घरमा पानी पसेको स्थानीय सुरेश भट्टराईले बताए ।

बरहथवा नगरपालिका-७ मा सोती खोलाको पानी गाउँमा पस्दा १० घरका बासिन्दालाई बजारको टहरामा सारिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी डिएसपी सरोज राईले जानकारी दिए । बसबरिया गाउँपालिका-२, धावटोलमा भैंसी गोठमा सुतेका ५५ वर्षीय रामसुरत सहनी र ५० वर्षीया सुनिता सहनीलाई उद्धारको तयारी भइरहेको छ । बरहथवा-१६ मा टिकुलिया खोलाको बहाव बढ्दा पासवान र यादव बस्ती जोखिममा परेका छन् ।

मनुष्मारा खोलाले धनकौल गाउँपालिका-३, हरकठवा र ४, महिनाथपुरमा रौतहटको धरमपुर जोड्ने २ किलोमिटर सडक कटान गर्दा आवतजावत ठप्प भएको छ । चन्द्रनगर गाउँपालिका-५ मा प्रहरी चौकी मोहनपुरको पर्खाल भत्किएको छ भने प्रहरी चौकी गोडैताको पर्खालमा पनि क्षति पुगेको छ । कविलासी नगरपालिका-८, अगर्वामा वर्षाको पानी पस्दा १४ घर डुबानमा परेका छन् ।

कविलासी नगरपालिका-२, पिपरियामा घरको पर्खाल भत्किँदा सुधिरसिंह दनुवारकी ९ वर्षीया छोरी शिवानी सिंह घाइते भएकी छन् । उनको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ । जिल्लाको उत्तरी भेगमा भित्र्याउन लागिएको धान, तरकारी र उखु बालीमा समेत ठूलो क्षति पुगेको किसानहरूले बताएका छन् ।

लगातारको वर्षा आइतबार बिहानबाट रोकिएपछि जनजीवन केही सामान्य बनेको छ । तर बिजुली अनियमित र मोबाइल नेटवर्कमा अवरोधले स्थानीय समस्यामा परेका छन् । काठमाडौं जाने गाडीहरू नचल्दा उपत्यका फर्कनुपर्ने यात्रुहरू समस्यामा छन् यद्यपि स्थानीय रुटका सवारी साधनहरू निर्बाध सञ्चालन भइरहेका छन् । जिल्ला प्रशासन र प्रहरीले प्रभावित क्षेत्रमा उद्धार र राहत कार्यलाई तीव्र बनाएको छ । स्थानीयलाई सुरक्षित स्थानमा सार्ने र क्षतिग्रस्त संरचनाको मर्मतमा ध्यान दिइएको छ ।

# विपद्बाट भएको क्षतिको विवरण पठाउन प्राधिकरणको अनुरोध

**काठमाडौं/मस-** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद्बाट भएको प्रारम्भिक क्षतिको आँकलन, प्रभावित संख्या तथा क्षेत्रको विवरण यथाशीघ्र संकलन गरी पठाउन सम्बन्धित निकायलाई अनुरोध गरेको छ । प्राधिकरणमा आज बसेको मनसुन प्रतिकार्य 'कमाण्ड पोष्ट' बैठकले विवरण पठाउन आग्रह गर्दै अतिभारी वर्षाका कारण उत्पन्न मनसुनजन्य विपद्का घटनाबाट पीडित तथा प्रभावित व्यक्तिको खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई निरन्तरता दिने निर्णय गरेको हो ।

बैठकले विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत, स्थानान्तरण तथा पुनःस्थापनासम्बन्धी कार्य यथाशीघ्र सम्पन्न गर्न सम्बन्धित स्थानीय तह र सरोकार भएका निकायलाई अनुरोध गर्ने निर्णय गरेको प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले जानकारी दिए । स्थानीय तहसँग समन्वय गरी मृतकका परिवारलाई राहत उपलब्ध गराउन र घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई आग्रह गर्ने निर्णयसमेत भएको उनले बताए ।

विपजन्य घटनाको जोखिमको विश्लेषण गरी लामो दूरी र काठमाडौं भित्रिने/बाहिरिने सवारीसाधन सञ्चालनमा रोक लगाइएकामा अर्को सूचना जारी नहुन्जेलसम्म जोखिमयुक्त राजमार्ग/सडकमा रात्रिकालीन बस सेवा सञ्चालन नगर्न/नगराउन स्थानीय प्रशासनलाई आग्रह गरिएको छ ।

अत्यावश्यक सेवा, राजमार्गमा रोकिएका मालवाहक र यात्रुवाहक सवारीसाधन तथा छोटो दूरीमा सञ्चालन हुने सवारीसाधनको हकमा स्थानीयस्तरको विपद् जोखिमको अवस्थालाई दृष्टिगत गरी अन्तर जिल्ला समन्वयमा आवागमन सञ्चालन गर्ने निर्णय गरेको छ । बैठकले अवरुद्ध सडक मर्मतसम्भार गरी तत्काल सञ्चालन गर्न सडक विभाग, खानेपानी, विद्युत्, सञ्चारलगायत अत्यावश्यक सेवा सञ्चालन गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

## Vacancy Announcement

Maria Health Center (Hospital) Pvt. Ltd require national and international Candidates having exellent knowledge of following expertise.

1. **Surgeon - 3 nos. (ENT/Urology/Colorectal)**
2. **Medical Officer - 3 Nos.**
3. **Staff Nurse - 20 Nos.**
4. **Computer Operator - 15 nos. (IT)**

**Expertise of Candidates :-**

* Surgeon can be atleast 10 - 15 years work experience of Related Field.
* Medical officer atleast 3 years / Staff Nurse atleast 1 year and Computer Operator (IT) atleast 1 years. Work experience of Related field.
* Surgeon/Medical officer/Staff Nurse Registered his/her Country of Council (related).
* Only expert Candidates can be apply.
* Selected Candidates will be inform.

**Deadline of submission of application is 26th October 2025**
**E-mail: mariahealthcenternp@gmail.com**

**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## रुकुम पूर्व अस्पताल रुकुमकोट, रुकुम पूर्व

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**सूचना नं. ०२/२०८२/०८३**
**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२०**

रुकुम पूर्व अस्पतालको लागि तपसिल अनुसारका स्वीकृत दरबन्दीका पदहरुमा कामकाज गर्ने गरी करार सेवा मार्फत पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिनभित्र यस अस्पतालको प्रशासन शाखामा शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि र व्यक्तिगत विवरण (CV) संलग्न राखी निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **पद सम्बन्धी विवरण**

| विज्ञापन नं | पद | तह/श्रेणी | सेवा/समूह | माग सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|---|
| ०१/०८२/८३ | मेडिकल अधिकृत | आठौं | प्रदेश/स्वास्थ्य/ज.हे.स. | २ (दुई) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट चिकित्सा शास्त्र विषयमा स्नातक तह (MBBS) वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको | |

२. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
क. प्रवीणता प्रमाणपत्र तह वा सो सरह देखि स्नातक तहसम्मका शैक्षिक योग्यताका प्रमाणत्रका प्रतिलिपिहरु, विदेशी शैक्षिक संस्थाबाट शैक्षिक योग्यता प्राप्त गरेको भएमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नेपाल मेडिकल काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (CV),अनुभवको प्रमाणपत्रको प्रतिलिपिहरु (प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरेको हुनुपर्ने), दरखास्त दस्तुरः रु. १०००।- (एक हजार रुपियाँ मात्र) नेपाल बैंक लिमिटेड रुकुमकोट शाखामा रहेको यस अस्पतालको खाता नं. १८९०२०००००२००६०००००१(कार्यालय कोड नं. ३७००१५३०२५) मा नगदै जम्मा गरेको सक्कल भौचर ।
३. दरखास्त दिने अन्तिम मितिः २०८२/०६/२९ गते बुधबार कार्यालय समय भित्र ।
४. उमेरहदः दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
५. परीक्षाको किसिमः सङ्क्षिप्त सूची प्रकाशन र अन्तरवार्ता । (संक्षिप्त सूची प्रकाशन भए पश्चात अन्तरवार्ताको मिति प्रकाशित गरिनेछ ।)
६. अन्तरवार्ताको स्थानःपछि प्रकाशित गरिनेछ ।
७. तलब भत्ताः प्रचलित कानून बमोजिम ।
८. दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिने छ ।
९. रीत नपुगी वा म्याद नाघी आएको निवेदन स्वीकृत गरिने छैन ।
१०.उम्मेदवार छनौट सम्बन्धी अन्य व्यवस्था करार कर्मचारी व्यवस्थापन (संशोधन सहित) कार्यविधि-२०८० बमोजिम हुनेछ ।
११.यस सम्बन्धमा कुनै द्विविधा भएमा यस अस्पतालको ९८५७८४३१४५ र ०८८-४४१३१४५ मा सम्पर्क गर्न सकिनेछ ।

**डा. कृष्ण खराल**
**निमित्त मेडिकल सुपेरिन्टेन्डेन्ट**

मध्यान्ह
www.madhyanhadaily.com
२० असोज २०८२ सोमबार
6 October 2025 Monday

# 'अभिमन्यु : च्याप्टर १'को प्रदर्शन मिति पुनः हेरफेर

**काठमाडौं/मस–** बहुप्रतीक्षित नेपाली चलचित्र 'अभिमन्यु : च्याप्टर १'को प्रदर्शन मिति पुनः परिवर्तन भएको छ । देशको पछिल्लो परिस्थिति र दर्शकको सहजताका लागि निर्माण टिमले यो निर्णय लिएको हो । यसअघि असोज २४ गते रिलिज हुने भनिएको यो चलचित्र अब कार्तिक २१ गतेबाट नेपाल र विश्वभरका सिनेमा हलहरूमा प्रदर्शनमा आउने भएको छ ।



निर्माता विनोद पौडेलले आफ्नो फेसबुक पेजमार्फत एक पोस्ट साझा गर्दै नयाँ प्रदर्शन मितिको जानकारी दिएका छन् । उनले लेखेका छन्, 'हामीले दर्शकको सुरक्षा र सहजताका लागि यो कठिन निर्णय लिएका छौं । प्रतिकूल परिस्थितिमा पनि हाम्रा दर्शकको माया र साथको अपेक्षा गरेका छौं ।' यो निर्णयले चलचित्रलाई दर्शकमाझ सुरक्षित र प्रभावकारी रूपमा प्रस्तुत गर्न सहयोग पुग्ने निर्माण पक्षको विश्वास छ ।

'अभिमन्यु : च्याप्टर १' नेपाली र हिन्दी दुवै भाषामा एकसाथ प्रदर्शन हुने भएको छ । नेपालका सम्पूर्ण सिनेमा हलहरूमा यो चलचित्र रिलिज हुनेछ भने भारत, अमेरिका, क्यानडा, अस्ट्रेलिया, युरोपलगायत विश्वका विभिन्न देशमा समेत कात्तिक २१ गतेदेखि प्रदर्शन हुने तयारी छ । निर्माण टिमले यो चलचित्रलाई विश्वव्यापी दर्शकमाझ पुऱ्याउने लक्ष्य राखेको छ, जसले नेपाली सिनेमाको अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्नेछ ।

'अभिमन्यु : च्याप्टर १' एक एक्सन, ड्रामा र थ्रिलरले भरिएको चलचित्र हो, जसले नेपाली दर्शकका साथै विश्वभरका सिनेमा प्रेमीहरूलाई आकर्षित गर्ने अपेक्षा गरिएको छ । सेभेन सिज सिनेमाको ब्यानरमा निर्मित यो चलचित्रले कथावस्तु र प्रस्तुतीकरणमा नयाँ प्रयोग गरेको दाबी गरिएको छ । चलचित्रको कथा, पात्र र प्रस्तुतिले दर्शकलाई बाँधिराख्ने निर्माण पक्षको भनाइ छ ।

चलचित्रमा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल र शिशिर वाङ्देलजस्ता चर्चित कलाकारहरूले अभिनय गरेका छन् । निर्देशक सुशान्त गौतमले यो चलचित्रलाई जीवन्त बनाउन कुनै कसर बाँकी राखेका छैनन् । मदन थापा क्रिएटिभ निर्देशकका रूपमा छन् भने कथालेखन मुकेश खनालले गरेका छन् ।

चलचित्रका निर्मातामा विनोद पौडेल र गुञ्जन गिरी छन् भने रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माताका रूपमा छन् । कार्यकारी निर्माताहरूमा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ छन् । जीवन शाक्य लाइन प्रोड्युसरका रूपमा छन् ।

प्राविधिक पक्षमा शरद महतोको छायांकन, मनोज श्रेष्ठको भिएफएक्स, जुनिम गहतराजको रंग संयोजन र मदन घिमिरेको सम्पादनले चलचित्रलाई थप आकर्षक बनाएको छ । 'अभिमन्यु : च्याप्टर १' को ट्रेलर र प्रचार सामग्रीले दर्शकमा उत्साह जगाएको छ । निर्माण टिमले यो चलचित्रले नेपाली सिनेमाको स्तरलाई एक कदम माथि लैजाने विश्वास व्यक्त गरेको छ । 'हामीले यो चलचित्रमा हाम्रो सम्पूर्ण मेहनत र रचनात्मकता खन्याएका छौं । दर्शकले यो चलचित्रलाई मन पराउनेमा हामी ढुक्क छौं,' निर्देशक सुशान्त गौतमले भने ।

'अभिमन्यु : च्याप्टर १' को नयाँ प्रदर्शन मिति कात्तिक २१ गतेलाई लिएर दर्शकमा उत्साह र कौतुहलता बढेको छ । यो चलचित्रले नेपाली सिनेमालाई विश्वस्तरमा चिनाउने सम्भावना बोकेको छ । दर्शकहरूले यो चलचित्रलाई सिनेमा हलमा गएर हेर्ने र नेपाली सिनेमालाई समर्थन गर्ने अपेक्षा गरिएको छ ।

# 'कान्तारा च्याप्टर १' बक्स अफिसमा धुम मचाउँदै

**काठमाडौं/एजेन्सी–** कन्नड सिनेमा जगतका सुपरस्टार ऋषभ सेट्टीको 'कान्तारा च्याप्टर १'ले रिलिज भएकै पहिलो विकेन्डमा नै भारतीय बक्स अफिसमा तहल्का मच्चाएको छ । यो फिल्म, जुन २०२२ को ब्लकबस्टर 'कान्तारा'को प्रिक्वेल हो । यसले पहिलो दिनदेखि नै दर्शकको मन जित्दै तीन दिनमै भारतमा १६२.८५ करोड रुपैयाँको नेट कलेक्सन गरेको छ । यो सफलताले यस वर्षका दुई ठुला प्यान-इन्डिया फिल्म 'वार २' र 'कुली' का फर्स्ट विकेन्ड कलेक्सनलाई पनि पछाडि पारिदिएको छ ।



'कान्तारा च्याप्टर १'ले कर्नाटकको काल्पनिक कथा र पौराणिक किंवदन्तीहरूलाई आधार बनाएर बनाइएको छ । यसमा ऋषभ सेट्टीले लेखन, निर्देशन र मुख्य भूमिका निर्वाह गरेका छन् । फिल्ममा जयराम, रुकमिणी वसन्त र गुलसन देवैयालगायतका कलाकार पनि छन् । यो फिल्म कन्नड, हिन्दी, तमिल, तेलुगु र मलयालम भाषामा रिलिज भएको छ । यसले दक्षिण भारतका साथै उत्तर भारतमा पनि राम्रो प्रतिक्रिया पाएको छ । ट्रेड एनालिस्टहरूका अनुसार, यो फिल्मले यस वर्षको सबैभन्दा ठुलो कन्नड फिल्म बन्ने निश्चित भएको छ ।

फिल्मको बजेट १२५ करोड रुपैयाँ बताइएको छ, जुन यसको पहिलो भागको तुलनामा धेरै बढी हो । तर यसले रिलिज भएको तीन दिनमै नै बजेट रिकभर गरेको देखिन्छ । पहिलो दिन (२ अक्टोबर, दशहरा) मा फिल्मले भारतमा ६१.८५ करोड रुपैयाँको नेट कलेक्सन गरेको थियो । यो दिन छुट्टी भएकोले दर्शकहरूको भीड लाग्नु स्वाभाविक थियो । हिन्दी भाषामा यसले पहिलो दिन नै १९-२१ करोड कमाएको थियो ।

दोस्रो दिन (३ अक्टोबर, शुक्रबार) मा कार्यालय खुला भएकोले कलेक्सनमा केही गिरावट आयो । यस दिन फिल्मले ४५-४६ करोड कमाएर दुई दिनको कुल कलेक्सन १०६.८५ करोड पुगेको थियो । तर तेस्रो दिन (४ अक्टोबर, शनिबार)मा फेरि उछाल आयो । स्याकनिल्कको रिपोर्टअनुसार शनिबार फिल्मले ५५ करोडको नेट कलेक्सन गरेको छ । यससँगै पहिलो विकेन्डको कुल कलेक्सन १६२.८५ करोड पुगेको छ । विश्वव्यापी रूपमा यसले २ सय करोड नाघेको अनुमान छ ।

ट्रेड ट्र्याकरका अनुसार, हिन्दी बेल्टमा यसले राम्रो प्रदर्शन गरेको छ । पहिलो दिन १९-२० करोड कमाएपछि दोस्रो र तेस्रो दिन पनि स्थिर रह्यो । दक्षिण भारतमा कन्नड, तमिल र तेलुगु संस्करणले सबैभन्दा बढी कमाइ गरेका छन् । ओभरसिज बजारबाट पनि २ मिलियन डलर (लगभग १७ करोड) भन्दा बढी कमाइ भएको छ । यदि यो गतिमा अघि बढ्यो भने, पहिलो विकमा २५० करोड नाघ्न सक्छ ।

यो वर्षका दुई ठुला प्यान-इन्डिया रिलिजहरू 'वार २' (ऋतिक रोशन र जुनियर एनटीआर अभिनित) र 'कुली' (रजिनीकान्त अभिनित)ले फर्स्ट विकेन्डमा राम्रो कमाइ गरेका थिए । तर 'कान्तारा च्याप्टर १'ले दुवैलाई पछाडि पारिदियो ।


वार २ को फर्स्ट विकेण्ड कलेक्सन १३०-१४३ करोड थियो । यो फिल्म अगस्ट १४ मा रिलिज भएको थियो र स्वतन्त्रता दिवस वीकेण्डमा राम्रो सुरुवात गरेको थियो । तर मिश्रित समीक्षाका कारण यसले अपेक्षित गति कायम राख्न सकेन ।

कुलीको फर्स्ट विकेन्ड कलेक्सन १५९.२५ करोड थियो । यो फिल्म पनि अगस्ट १४ मा नै रिलिज भएको थियो र रजिनीकान्तको स्टार पावरले पहिलो दिन ६५ करोड कमाएको थियो । तर दोस्रो हप्तामा यसको कलेक्सन घट्दै गयो ।

'कान्तारा च्याप्टर १'ले यी दुवैलाई पछार्नुको कारण यसको सांस्कृतिक कथा, शक्तिशाली भिजुअल्स र दर्शकहरूको वर्ड अफ माउथ हो । पहिलो भागको सफलताले यसलाई हाइप दियो र दशहरा रिलिजले फाइदा पुऱ्यायो । ट्रेड एनालिस्टहरू भन्छन्, 'यो फिल्मले प्रमाणित गऱ्यो कि राम्रो कथा र सांस्कृतिक जडानले स्टार पावरलाई पनि जित्न सक्छ ।'

# तेजुलाको 'तिमीसँग' सार्वजनिक

**काठमाडौं/मस–** नेपाली सांगीतिक क्षेत्रमा नयाँ र रोमान्टिक शैलीको आधुनिक गीत 'तिमीसँग'को म्युजिक भिडियो सार्वजनिक भएको छ । यो गीतले रिलिज भएको छोटो समयमै दर्शक र स्रोताहरूको मन जित्न सफल भएको छ । गीतमा सुरेश लामा र सुष्मा थापाको मधुर स्वरले स्रोतालाई भावुक बनाएको छ भने विष्णु भण्डारीको रचनात्मक शब्द र सरोज पोखरेलको संगीतमय संयोजनले गीतलाई थप जीवन्त बनाएको छ ।



'तिमीसँग'को म्युजिक भिडियोमा लोकप्रिय मोडल सराज गराच र चर्चित नायिका तेजुला खतिवडाको जोडीले दर्शकको ध्यान खिचेका छन् । उनीहरूको अभिनयमा प्रेम, रोमान्स र भावनात्मक संयोजनको सुन्दर चित्रण देख्न सकिन्छ । सराज र तेजुलाको अन-स्क्रिन केमेस्ट्रीले भिडियोलाई थप आकर्षक बनाएको छ । दर्शकहरूले सामाजिक सञ्जालमा यो जोडीको अभिनयको खुलेर प्रशंसा गरिरहेका छन् ।

यो म्युजिक भिडियोको छायांकन उत्सव दाहालले गरेका छन्, जसले नेपालका रमणीय दृश्य क्यामेरामा उतारेका छन् । भिडियोको सम्पादन विकास दाहालले गरेका छन्, जसले कथावस्तु र दृश्यलाई सहज र प्रवाहमय बनाएका छन् । भिडियोको निर्देशन सोनम पाखिनले गरेका छन्, जसले गीतको भावनालाई दृश्यमा जीवन्त बनाउन सफल भएका छन् । सुदीप अधिकारीले निर्माण गरेको यो भिडियोले उच्च प्राविधिक गुणस्तर र रचनात्मक प्रस्तुति पस्किएको छ ।

'तिमीसँग' गीत प्रेम र समर्पणको भावनालाई व्यक्त गर्ने एक मधुर रचना हो । गीतका शब्दहरूले प्रेमी-प्रेमिकाबीचको गहिरो भावनात्मक सम्बन्धलाई चित्रण गर्छ भने संगीतले त्यसलाई थप गहिराइ प्रदान गर्छ । सुरेश लामा र सुष्मा थापाको स्वरमा गीतले प्रेमको मिठास र गहिराइलाई जीवन्त बनाएको छ । यो गीत विशेषगरी युवा पुस्तामाझ लोकप्रिय हुने अपेक्षा गरिएको छ ।

नेपाली सांगीतिक बजारमा आधुनिक गीतहरूको माग बढ्दै गएको छ । यस्तोमा 'तिमीसँग'जस्ता गीतहरूले दर्शक र स्रोताहरूलाई नयाँ स्वाद प्रदान गर्ने प्रयास गरेका छन् । गीतको भिडियो युट्युब र विभिन्न सामाजिक सञ्जालमा उपलब्ध छ र यो रिलिज भएको केही समयमै चर्चाको शिखरमा पुग्न सफल भएको छ ।

# अनन्या पाण्डे बनिन् 'बिजनेस अफ फेसन ५०० क्लास अफ २०२५'

**काठमाडौं/एजेन्सी–** बलिउड अभिनेत्री अनन्या पाण्डेले प्रतिष्ठित बिजनेस अफ फेसन ५०० क्लास अफ २०२५ मा स्थान बनाएकी छन् । यो वार्षिक सूचीले विश्वभरका फेसन उद्योगलाई आकार दिने नेतृत्वकर्तालाई सम्मान गर्छ, जसमा हेली बिबर र जोए क्राभिट्जजस्ता अन्तर्राष्ट्रिय व्यक्तित्वहरू समावेश छन् ।



अनन्याले प्रियंका चोपडा जोनस, दीपिका पादुकोण, आलिया भट्ट र सोनम कपूर जस्ता भारतीय अभिनेताहरूको समूहमा आफूलाई उभ्याएकी छन्, जो यसअघि यो सूचीमा सम्मानित भइसकेका छन् ।

अनन्याको यो उपलब्धिले फेसन क्षेत्रमा उनको बढ्दो प्रभावलाई थप उजागर गरेको छ । उनी शानेलको पहिलो भारतीय ब्रान्ड एम्बेसडर बनेकी छन् र जिमी चुजस्ता विश्वव्यापी लक्जरी ब्रान्डसँगको अभियानमार्फत चर्चामा छिन् । उनले इन्स्टाग्राममा आफ्नो खुसी साझा गर्दै लेखिन्, 'बोफ ५०० क्लास अफ २०२५ मा फेसनका उत्कृष्ट व्यक्तिहरूसँगै सम्मानित हुन पाउँदा गर्व महसुस भएको छ ।'

फेसनबाहेक, अनन्याले आफ्नो फिल्मी करिअरलाई पनि निरन्तर विस्तार गरिरहेकी छन् ।


ZERO COST RECRUITMENT OPPORTUNITY FOR SAUDI !!
शून्य लागत अन्तर्गत साउदीमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

रोजगारदाता कम्पनी । Employer Company : Saed International For Istigdam. |साएद इन्टरनेशनल फर इस्तिग्दाम.
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान | Employer Company Address/Job Site : Saudi Arabia | साउदी अरब

| पूर्व स्वीकृत मितिः २०८२/०६/१० Pre Approval Date: 2025-09-26 | चलानी नंः ६०२४५४७५ Invoice No.: 60245475 | एल टि नं : ३३१६९३ LT No.: 331693 |
|---|---|---|

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | निम्नतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary | | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्नेदिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा र यातायत सुबिधा Accomodation Facility & Transportation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष Male | महिला Female | | SR | ने.रु. NPR | | | | | | | |
| 1 | Warehouseman वेयरहाउसमान | 20 | 0 | Basic English Communication Skills Required आधारभूत अँग्रेजी भाषा | 1100 | ४१,५६९ | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | SAR 300/- ३००/- | छ Yes | दुई वर्ष र नविकरण 2 years and renewable |

Employment Terms and Condition / रोजगार नियम र सर्तहरू
1. Nature of Job: Receiving, storing, picking, packing, and shipping goods while ensuring inventory accuracy and smooth warehouse operations.
कामको प्रकृति : सामान प्राप्त गर्ने, भण्डारण गर्ने, टिप्ने, प्याक गर्ने र ढुवानी गर्ने काम गर्दा सूचीको शुद्धता र सहज गोदाम सञ्चालन सुनिश्चित हुन्छ।
2. Overtime shall be voluntary. Overtime Payment Calculated as: Salary x 1.5
ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना : तलब x १.५
3. Rest Day: One day in a week in accordance to the labor law of Saudi Arabia.
विश्राम दिन : साउदीको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: As per Saudi's Gazetted holidays.
सार्वजनिक बिदा : साउदीको राजपत्रित बिदा अनुसार ।
5. Annual Leave: 21 days per year.
वार्षिक बिदा : २१ दिन प्रति वर्ष ।
6. Sick Leave & Hospitalization leave:30 days of paid medical leave available upon submission of valid medical certificates
बिरामी बिदाः चिकित्सा प्रमाणपत्र पेश गरेपछि ३० दिनको तलबी चिकित्सा बिदा उपलब्ध छ ।
7. Medical and Accident Insurance: Medical Insurance provided by the company along with Insurance from GOSI (in case of onduty casualties ) provided.
GOSI बाट बीमा सहित कम्पनीद्वारा प्रदान गरिएको चिकित्सा बीमा (अनड्युटी हताहतको अवस्थामा) प्रदान गरिएको छ । साउदी सरकारले अपनाएको कुनै पनि अन्य बीमा योजना जुन नीयोक्ताद्वारा बीमा गरिनेछ ।
8. Grievance channels and reporting mechanisms are maintained, ensuring without fear of retaliation
प्रतिशोधको डर बिना सुनिश्चित गर्दै गुनासो च्यानलहरू र रिपोर्टिङ संयन्त्रहरू राखिएका छन् ।
9. Freedom of movement and allowed to repatriate without any deposits.
आवतजावतको स्वतन्त्रताको अधिकार / कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००/- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

Pre-selection process at IMR office is continuously being conducted.
आइएमआर अफिसमा प्रिअन्तर्वार्ता निरन्तर सञ्चालन भइरहेको छ ।
Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 13 October 2025.
फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०८२ साल असोज २७ गते हुनेछ ।

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरु, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

Note: (नोटः)
1. This is an zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment and IMR and its employees are not authorized to accept any gift, cash, in order for the applicants to secure a job.
१. यो शून्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन । साथै कुनैपनि आवेदकको जागिर सुनिश्चितताको लागि आइएमआर र यसका कर्मचारीहरुलाई कसैसँग पनि कुनैपनि किसिमको उपहार तथा नगद लिने अधिकार छैन ।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सबै इच्छुक आबेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
३. यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।
4. For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport (if any), national identity card, voter's card, driving license, etc.
४. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि ।

अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters
धोखाधडी, गैरकानूनी गतिविधि वा भ्रष्टाचार विरुद्ध IMR को हटलाइन +९७७ ९८०११३७७६९ मा रिपोर्ट गर्न स्वतन्त्र महसुस गर्नु वा grievance@imrsolution.com मा इमेल गर्नुहोस्। हामी तपाईको गोपनीयता कायम राख्नेछौं ।
Feel free to report against froud, illegal activities or corruption in IMR's hotline +9779801137769 or email at grievance@imrsolution.com.We shall maintain your confidentiality.
बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE): 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be attended compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No. 309/059/060
International Manpower Recruitment (P) Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346,5204347, 5204348,
Mobile No.: +977 9810194993/9862283838 (9am-5pm)
For Location:

# नेपाल मलेसियासँग पराजित

**काठमाडौं/मस–** मलेसियाविरुद्धको टी-२० अन्तर्राष्ट्रिय शृंखलाको तेस्रो खेलमा नेपाल पराजित भएको छ। मलेसियाको क्वालालम्पुरमा आइतबार भएको खेलमा मलेलियासँग नेपाली महिला राष्ट्रिय क्रिकेट टोली १३ रनले पराजित भएको हो। यो पराजयसँगै पाँच खेलको उक्त शृंखलामा मलेसियाले नेपालसँग २-१ को अग्रता बनाएको छ।

यसअघि भएको पहिलो खेलमा नेपाल मलेसियासँग तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा



६ विकेटको जित निकालेको थियो।

मलेसियाले जितका लागि दिएको एक सय २१ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय सात रनमा समेटियो। नेपालका लागि रुबी पोद्दारले सर्वाधिक ३१ रनको योगदान दिइन्।

यसैगरी कप्तान इन्दु बर्मा २२ रनमा अविजित रहिन् भने सम्झना खड्काले १८ रन बनाइन्। साथै कविता जोशी र कविता कुँवरले समान दुई-दुई विकेट लिएका थिए।

# भियतनामसँग खेल्ने राष्ट्रिय टोली घोषणा



**काठमाडौं/मस–** नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक म्याट रसले किरणकुमार लिम्बूको कप्तानीमा आइतबार २३ सदस्यीय नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीको घोषणा गरेका छन्।

एएफसी एसिया कप छनोट २०२७ अन्तर्गत भियतनामविरुद्धको खेलको लागि मुख्य प्रशिक्षक म्याटले २३ सदस्य नेपाली टोलीको घोषणा गरेका हुन्।

टोलीमा कप्तान लिम्बूसँगै अभिषेक लिम्बू, अनन्त तमाङ, अञ्जन विष्ट, एरिक विष्ट, आयुष घलान, बिमल पाण्डे, विशाल सुनार, दिप कार्की, दिनेश हेञ्जन र जिलेस्पीजङ कार्की छन्।

यसैगरी कृतिकरत्न छुन्जु, कुशल देउवा, लकेन लिम्बू, मणिकुमार लामा, मनिष डाँगी, रोहित चन्द, रोहन कार्की, सनिश श्रेष्ठ, सुवास ठकुरी बम, सुमित श्रेष्ठ, सुमन श्रेष्ठ र योगेश गुरुङ छन्। नेपालले भियतनामसँग दुई खेल खेल्नेछ। खेल यही असोज २३ गते भितनाममा हुनेछ।

# अभ्यास खेलमा नेपालको जित

**काठमाडौं/मस–** नेपालले आइसिसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको तयारीस्वरूप भएको अभ्यास खेलमा ओमानलाई ६ विकेटले पराजित गर्दै शानदार सुरुवात गरेको छ। शनिबार राति भएको खेलमा नेपालले ओमानले प्रस्तुत गरेको १११ रनको लक्ष्यलाई १७ ओभरमा ४ विकेट गुमाएर सहजै पूरा गऱ्यो। यो जितले नेपालको टोलीको मनोबल उच्च भएको छ, जुन आगामी विश्वकप छनोट खेलहरूका लागि सकारात्मक संकेत हो।

नेपालको जितमा ओपनर आसिफ शेखले प्रमुख भूमिका खेले। उनले ६१ रनको शानदार इनिङ्स खेल्दै टोलीको जितको आधार तयार पारे। उनको यो प्रदर्शनले नेपाली ब्याटिङ लाइनअपको बलियो पक्षलाई उजागर गरेको छ। कप्तान रोहित पौडेलले २५ रनको महत्त्वपूर्ण योगदान दिए भने कुशल भुर्तेलले ११ रन बनाए। कुशल मल्ल १० रन र सन्दीप जोरा १ रनमा अविजित रहे, जसले नेपाललाई लक्ष्यसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेले।

टस हारेर पहिले ब्याटिङ गरेको ओमानले २० ओभरमा ९ विकेट गुमाएर मात्र ११० रन बनाउन सक्यो। ओमानका लागि आर्यन विष्टले सर्वाधिक २३ रन बनाए पनि अन्य ब्याट्सम्यानहरूले उल्लेखनीय प्रदर्शन गर्न सकेनन्। नेपालको कसिलो बलिङ र फिल्डिङले ओमानलाई दबाबमा राख्यो, जसका कारण उनीहरूले ठुलो स्कोर बनाउन असफल रहे।

नेपालको बलिङ आक्रमण ओमानविरुद्ध



निकै प्रभावकारी रह्यो। दीपेन्द्रसिंह ऐरीले ३ ओभरमा मात्र १० रन खर्चेर ३ विकेट लिँदै खेलको उत्कृष्ट प्रदर्शन गरे। यस्तै, सोमपाल कामी र सन्दीप लामिछानेले समान २-२ विकेट लिए भने नन्दन यादव र कुशल मल्लले १-१ विकेट हात पारे। यो सामूहिक प्रयासले ओमानलाई सस्तैमा समेट्न नेपाल सफल भयो।

ओमानका तर्फबाट आमेर कलिमले २ विकेट र फेसल शाहले १ विकेट लिए पनि नेपालको ब्याटिङलाई रोक्न उनीहरू असफल रहे।

नेपालले दोस्रो वार्म-अप खेलमा भोलि कतारसँग प्रतिस्पर्धा गर्नेछ। यो खेलले नेपाललाई आफ्नो रणनीति र प्रदर्शनलाई थप परिष्कृत गर्ने अवसर प्रदान गर्नेछ। आइसिसी टी-२० विश्वकपको एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटमा नेपाल समूह चरणमा कुवेत र जापानसँग खेल्नेछ। समूह चरणमा शीर्ष स्थान हासिल गरेमा नेपाल सुपर सिक्समा प्रवेश गर्नेछ, जहाँ शीर्ष तीन टोलीले अर्को वर्ष हुने टी-२० विश्वकपमा स्थान पक्का गर्नेछन्।

नेपालको यो जितले टोलीको तयारी र आत्मविश्वासलाई थप बलियो बनाएको छ। ओमानविरुद्धको खेलमा ब्याटिङ, बलिङ र फिल्डिङमा देखिएको सन्तुलित प्रदर्शनले नेपाल विश्वकप छनोटमा बलियो दाबेदारको रूपमा उभिएको छ। आसिफ शेख, दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछाने जस्ता खेलाडीहरूको फर्मले टोलीलाई थप उत्साहित बनाएको छ।

नेपाली क्रिकेट प्रशंसकहरूले यो जितलाई उत्सवको रूपमा लिएका छन् र टोलीले विश्वकप छनोटमा उत्कृष्ट प्रदर्शन गर्ने अपेक्षा गरेका छन्। नेपालको आगामी खेलहरूमा पनि यही लय कायम राख्न सके विश्वकपको यात्रा सुनिश्चित हुने सम्भावना प्रबल छ।

# प्रथम बित्थड कप क्रिकेट प्रतियोगिता सुरु

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १९ असोज

बझाङ जिल्लाको बित्थडचिर गाउँपालिका वडा नम्बर १ मा रहेको माथिल्लो बित्थडमा वडा स्तरीय क्रिकेट प्रतियोगिता सुरु भएको छ। राष्ट्रिय युवा संघ बित्थडचिर गाउँपालिका कमिटीले आयोजना गरेको प्रथम बित्थड कप २०८२ शनिबारदेखि औपचारिक रूपमा सुरु भएको हो।



यो प्रतियोगितामा बित्थडचिर गाउँपालिकाभित्रका १९ वटा टिमले सहभागिता जनाएका छन्। प्रतियोगिताको पहिलो दिन दुई वटा खेल सम्पन्न भएका छन्। पहिलो खेलमा दाजुभाइ अटो वर्कसप बित्थडचिर-८ र नरबहादुर स्मृति क्लब बित्थडचिर-३ बीच प्रतिस्पर्धा भएको थियो, जसमा दाजुभाइ अटो वर्कसपले जित हासिल गऱ्यो। यस्तै, दोस्रो खेलमा वडा नम्बर-२ 'बी' र बित्थड युथ क्लबबीच भएको खेलमा बित्थड युथ क्लब विजयी भयो।

प्रतियोगिताको उद्घाटन बझाङ जिल्ला क्रिकेट संघका अध्यक्ष प्रवीण धामीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। उद्घाटन समारोहमा बोल्दै अध्यक्ष धामीले जिल्लामा क्रिकेट खेल मैदानको अभाव भए पनि यस्ता ठुला प्रतियोगिताहरू आयोजना हुनु सकारात्मक र खुशीको कुरा भएको बताए। उनले बझाङबाट सम्झना धामी र अशोक धामीजस्ता अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू जन्मिएको उल्लेख गर्दै सबैलाई क्रिकेट खेलको विकासमा योगदान पुऱ्याउन आह्वान गरे।

कार्यक्रमको सभापतित्व राष्ट्रिय युवा संघ बित्थडचिर गाउँपालिका कमिटीका अध्यक्ष तारा बोहराले गरेका थिए।

प्रतियोगिताको विजेता टिमले २५ हाजर ५ सय ५५ रुपैयाँ नगद, ट्रफी र मेडल प्राप्त गर्नेछ भने उपविजेता टिमले १४ हजार ४ सय ४४ रुपैयाँ नगद, ट्रफी र मेडल प्राप्त गर्नेछ। खेलहरू राउन्ड सेभनमा १२ ओभर र फाइनलमा १५ ओभरको खेलाइने आयोजकले जनाएको छ। यो प्रतियोगिताले स्थानीय युवाहरूमा क्रिकेटप्रतिको उत्साह बढाउनुका साथै बझाङमा खेलकुदको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# भिनिसियसको दुई गोलमा रियल विजयी

**काठमाडौं/मस–** रियल म्याड्रिडले शनिबार आफ्नो घरेलु मैदान सान्टियागो बर्नबेउमा भएको रोमाञ्चक खेलमा भियारियाललाई ३-१ ले पराजित गर्दै स्पेनिस ला लिगाको शीर्ष स्थानमा उक्लिएको छ। ब्राजिलियन स्टार भिनिसियस जुनियरको दुई गोल र किलियन एमबाप्पेको एक गोलको मद्दतले रियलले यो जित हासिल गरेको हो। यो जितले रियललाई ला लिगाको अंक तालिकामा बलियो अवस्थामा पुऱ्याएको छ, जबकि भियारियाल तेस्रो स्थानमा कायम रहेको छ।

खेलको पहिलो हाफ गोलरहित रहे पनि दोस्रो हाफमा गोलको वर्षा भयो। दोस्रो हाफ सुरु भएको ९० सेकेन्डमै भिनिसियस जुनियरले किलियन एमबाप्पेको उत्कृष्ट पासलाई सदुपयोग गर्दै गोल गरे। उनको प्रहार भियारियालका डिफेन्डर सान्टि कोमेसानाको खुट्टामा लागेर गोलमा परिणत भयो, जसले रियललाई १-० को अग्रता दिलायो।

खेलको ६९औं मिनेटमा भियारियालका राफा मारिनले पेनाल्टी बक्समा भिनिसियसलाई फाउल गरेपछि रियलले पेनाल्टीको अवसर पायो। भिनिसियसले सहजै पेनाल्टीमा गोल गर्दै रियलको अग्रता २-० मा पुऱ्याए। यो गोलले भियारियालमाथि दबाब बढायो।

भियारियालले ७३औं मिनेटमा जर्ज मिकाउटाड्जेको शानदार गोलमार्फत खेलमा फर्कने प्रयास गऱ्यो। मिकाउटाड्जेले रियलका गोलकिपर थिबाउट कोर्टोइसलाई कुनै मौका नदिई गोल गरे, जसले स्कोर २-१ मा झाऱ्यो। तर भियारियालको आशा लामो समय टिक्न सकेन। ७७औं मिनेटमा भियारियालका सान्टियागो मौरिन्होले भिनिसियसलाई फाउल गरेपछि दोस्रो पहेंलो कार्ड पाए र रातो कार्डसहित मैदानबाट बाहिरिए। यो घटनाले भियारियाललाई १० खेलाडीमा सीमित गऱ्यो, जसले रियललाई खेलमा थप नियन्त्रण कायम गर्न सहज बनायो।

खेलको ८१औं मिनेटमा किलियन एमबाप्पेले ब्राहिम डियाजको पासमा गोल गर्दै रियलको जित सुनिश्चित गरे। यद्यपि, गोल गरेपछि एमबाप्पे खुट्टामा चोट बोकेर खोच्याउँदै मैदानबाट बाहिरिए, जसले रियलका समर्थकहरूलाई केही चिन्तित बनायो।

यो जितसँगै रियल म्याड्रिडले ८ खेलबाट २१ अंक जोडेर ला लिगाको शीर्ष स्थान कब्जा गरेको छ। गत हप्ता छिमेकी क्लब एट्लेटिको म्याड्रिडसँग १-० को हार बेहोरेको रियलले यो जितमार्फत आफ्नो लय पुनः प्राप्त गरेको देखिन्छ। अर्कोतर्फ, भियारियाल १६ अंकसहित तेस्रो स्थानमा कायम छ।

रियलको निकटतम प्रतिद्वन्द्वी बार्सिलोनाले ७ खेलबाट १९ अंक जोडेको छ र आइतबार सेभियासँगको खेलमा जित हासिल गरेमा शीर्ष स्थानमा उक्लने अवसर छ। बार्सिलोनाको खेलले ला लिगाको शीर्ष स्थानको प्रतिस्पर्धालाई थप रोमाञ्चक बनाउने निश्चित छ।

भिनिसियस जुनियरले यो खेलमा आफ्नो उत्कृष्ट फर्म प्रदर्शन गरे। उनको गति, ड्रिब्लिङ, र गोल गर्ने क्षमताले भियारियालको रक्षापंक्तिलाई निरन्तर समस्यामा पाऱ्यो। उनले यो सिजनमा ला लिगामा आफ्नो प्रभावशाली प्रदर्शनलाई निरन्तरता दिँदै रियलको आक्रमणलाई नेतृत्व गरिरहेका छन्। किलियन एमबाप्पेले पनि एक गोल र एक असिस्टसहित खेलमा महत्वपूर्ण योगदान दिए।

FOREIGN EMPLOYMENT OPPORTUNITY FOR KUWAIT & OMAN !!
कुवेत र ओमनमा वैदेशिक रोजगारीको अवसर !!

कम्पनी: RAZZMATAZZ GENERAL TRADING CO.SPC
देश : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०४/१८ चलानी नं.: ६०२२३०३५ LT. No.: 308356
पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook/Commis I | 3 | 3 | सम्बन्धित काममा दक्ष | 180 | ८३,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook/Commis II | 5 | 2 | | 150 | ६९,५०७ | | | | | | | |
| 3. | Cook/Commis III | 1 | 0 | | 140 | ६४,८७३ | | | | | | | |

कम्पनी: AL SIRAJ HOSPITALITY MANAGEMENT SERVICES LLC
देश : OMAN
पूर्व स्वीकृत मिति: २०८१/०७/०७ चलानी नं.: ६०२२७०३५ LT. No.: 312606
पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WAITER/ WAITERESS COFFEE SHOP | 6 | 4 | सम्बन्धित काममा दक्ष | 140 | ५१,५३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreign Food Cook - Male | 6 | 0 | | 150 | ५५,२२१ | | | | | | | |
| 3. | DISH-WASHER (RESTAURANTS & KITCHENS) | 4 | 0 | | 120 | ४४,१७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज २७ गते (13 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस। ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बानुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Vision & Value Overseas Pvt. Ltd.
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

कुवेतमा रोजगार
कम्पनी: MAUZAN CENTER FOR RETAIL SALE OF LADIES ABAYA
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/१२ चलानी नं.: ६०२४५५२३ L.T. No.: 331844

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६४,८७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Persons | 4 | 5 | | 160 | ७४,१४० | | | | | | | |
| 3. | Tailor | 4 | 0 | | 140 | ६४,८७३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २७ गते (13 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9820492083, Whatsapp : 9820492083, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com

मलेसियामा रोजगार
कम्पनी: PREMIER SQUAD SDN BHD
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०६/१९ चलानी नं.: ६०२४५५३१ LT. No.:331889

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५७,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता भैरहवा गार्डेन रिसोर्ट भैरहवामा २०८२ असोज २७ गते (13 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

EVE NEPAL OVERSEAS PVT. LTD.
Govt.Lic.No: 1013/068/69
Santinagar, Kathmandu, Tel No: 4107520, 4622436
Email: evenpl34@gmail.com, Website: www.evenepaloverseas.com

युएईमा रोजगार
कम्पनी: A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०६/१० चलानी नं.: ६०२४५५२१ L.T. No.: 331790

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 150 | 50 | स. काममा दक्ष | 1000 | ३८,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २७ गते (13 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LAXMI RECRUITMENT SERVICE PVT. LTD.
Gov License no : 1782/082/083
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०६/२०**

**होटेल रोम रेजेन्सी प्रा.लि** को मिति २०८२/०६/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **महाराजा द रोयल होटल प्रा.लि. (प्रा.लि नं. ३११९८३)** कायम गर्ने गरी मिति २०८२/०६/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मलेसियामा रोजगार
कम्पनी : KANI SECURITY SERVICES SDN. BHD.
शहर : Malaysia
पूर्व स्वीकृत मिति: २०८२/०६/१० चलानी नं.: ६०२४५५३४ LT. No.: 331818

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 30 | 0 | स. काममा दक्ष | 1700 | ५७,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २७ गते (13 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ८८५/०६७/०६८
जुम इन्टरनेशनल प्रा. लि.
टोखा ११, भण्डारी टोल, काठमाडौं, फोन: ४०१६६४३, ४०१६६४५, E-mail: zoom.international855@gmail.com

साउदीमा रोजगार
कम्पनी: FARIS AL ARAB CONTRACTING COMPANY
शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०८२/०१/२४ चलानी नं.: ६०२३७२१७ L.T. No.: 323265
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WORKER WORK SHOP | 7 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २७ गते (13 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gulf Sky
श्रम इजाजत नं. ८९०/०६७/०६८
GULF SKY INTERNATIONAL PVT. LTD.
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१७९२८८८, ९८०१११६८६९,




आइतबार स्वयम्भू मन्दिर परिसर घुम्न आएका विदेशी पर्यटकहरू फोटो खिचेर रमाउँदै। तस्बिर : प्रदीपराज वन्त / रासस

# पर्यटक पर्खाइमा पर्वतका 'होमस्टे'

**लक्ष्मीप्रसाद सापकोटा/रासस**
पर्वत, १९ असोज

वर्षायामसँगै ग्रामीण सडक अवरुद्ध हुँदा पर्वतका ग्रामीण क्षेत्रमा सञ्चालित होमस्टे (घरबास) सुनसान बनेका छन्। जिल्लामा पाँच दर्जन बढी होमस्टे सेवा सञ्चालित छन्। वर्षायामका कारण सुनसानजस्तै बनेका होमस्टेहरू जेनजी प्रदर्शनका क्रममा थप प्रभावित बनेका हुन्। मनसुन सकिन थालेसँगै पर्यटकका पर्खाइमा रहेको भए पनि तत्काल पर्यटक आउने सम्भावना नरहेको भन्दै चिन्तित बनेका छन्। वर्षायाम सुरु भएसँगै गत असारदेखि नै पर्यटकहरूको आगमनमा कमी भएपछि त्यहाँ सञ्चालित होमस्टे सुनसान बनेका हुन्। त्यहाँका सातवटै पालिकामा गरी ६२ घरबास सञ्चालनमा छन्। पर्यटन तथा उद्योग कार्यालयका अनुसार कुश्मा नगरपालिकामा-११ फलेवास नगरपालिकामा पाँच, मोदी गाउँपालिकामा १९, जलजला गाउँपालिकामा ६, महाशिला गाउँपालिकामा नौ, पैंयुँमा तीन र विहादीमा सातवटा होमस्टे सेवा सञ्चालनमा छन्। यी सामुदायिक होमस्टे हुन् भने दुईवटा निजी होमस्टे समेत सञ्चालनमा छन्। जिल्लाको कुश्मा नगरपालि-३ दुर्लुङ, वडा नम्बर १४ आर्थर, फलेवास-२ थापाठाना, जलजला गाउँपालिकाको बाँखसर्क, लेखफाँट, शालिजा, महाशिला गाउँपालिकाको भोक्सिङ, पाखापानी, बालाकोट, लुंखु, बिहादी गाउँपालिकाको गेप्ताङ र बाँच्छा सामुदायिक होमस्टे तथा पैंयु गाउँपालिकाको नेकर्गा र चिन्नेखर्कलगायतका स्थानमा सञ्चालित घरबास वर्षायामका कारण ठप्पजस्तै रहेको सञ्चालकले बताएका छन्। गण्डकी प्रदेशकै अग्रणी घरबास सेवा दिँदै आएको मोदी-८ चित्रेस्थित पञ्चकोशी सामुदायिक होमस्टेमा मात्र गत वर्षमा ४ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक भित्रिएका थिए। धेरैको रोजाइमा पर्दै आएको 'चित्रे ग्रामीण पर्यटन होमस्टे'मा विभिन्न जिल्लाबाट पाहुना आउने क्रम अब सुरु हुने होमस्टे व्यवस्थापन समितिका अध्यक्ष सुशीलादेवी गुरुङले बताइन्।



प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल पञ्चासेको काखमा रहेको चित्रेबाट देखिने प्राकृतिक दृश्यका साथै गुरुङ जातिको मौलिक कलाले होमस्टेमा आउनेहरूको मन जित्दै आएको छ। अहिले वर्षायाम भएकाले आन्तरिक तथा बाह्य पर्यटकको संख्या शून्यजस्तै रहेको छ। अब विस्तारै हिउँदयाम सुरु भएपछि पर्यटकहरू आउने क्रम सुरु हुने बताए।

चित्रे हुँदै स्याङ्जा, कास्की र पर्वतको संगमस्थल पञ्चासेमा पदयात्रा गर्दै समेत जाने 'रुट'समेत रहेका कारण पदयात्रामा जानेदेखि चित्रेको कला र प्राकृतिक सौन्दर्य हेर्न जाने आन्तरिक पर्यटकहरूको संख्या धेरै छ। होमस्टे पुग्ना साथ गुरुङ पोसाकमा सजिएका महिलाबाट टीका, फूल र मालाबाट गरिने आतिथ्यले सबैलाई फुरुङ बनाउँछ। खानाका रूपमा कोदोको पिठोबाट बनाइएको पुवा, सेल रोटी, गुन्द्रुक र भट्टको तरकारी, स्थानीय जातका गोलभेंडाबाट बनाएको चटनी अनि लेकको चिसोपानीले मथेर बनाएको मोहीले धेरैलाई लोभ्याउँछ। चित्रेको होमस्टेका आकर्षणमा अर्गानिक र स्थानीय खानाका स्वादसँगै पञ्चेबाजाको ताल र भजनको टुक्का पनि रहेको होमस्टे विकास समितिका सल्लाहकार मधुसुदन अधिकारीले बताए। अहिले सडकसमेत अवरुद्ध भएकाले पर्यटकहरू आउन सकेका छैनन्। यस्तै, मोदी-१ भुकताङ्लेमा रहेको लप्सीबोट सामुदायिक र भुक देउराली नमुना सामुदायिक होमस्टे पनि सुनसान छन्। गाउँ जोड्ने पातीचौर-देउपुर-लप्सीवोट सडक एक महिनादेखि अवरुद्ध हुँदा पर्यटक आउन नसकेको वडाध्यक्ष टेकबहादुर गुरुङले बताए। वर्षायाममा न्यून पर्यटक आउने भए पनि सडकसमेत अवरुद्ध हुँदा झनै ठप्प बनेको उनले जानकारी दिए। नियमित वर्षा भइरहँदा जिल्लाका अन्य होमस्टेहरूमा पनि पर्यटकको चहलपहल बढ्न नसकिरहेको पर्यटन तथा उद्योग कार्यालय पर्वतले जनाएको छ। कार्यालयका अनुसार वर्षा रोकिएपछि चाडबाड सुरु हुने र पर्यटनको मौसमसमेत सुरु हुने भएकाले चहलपहल बढ्ने कार्यालय प्रमुख अशोक नेपालीले बताए।

# वर्षाले १८ जलविद्युत् आयोजनामा क्षति

**मध्यान्ह संवाददाता**
काठमाडौं १९ असोज



असोज १७ र १८ गते परेको अविरल वर्षाको कारण जलविद्युत् आयोजनामा ठुलो क्षति भएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अनुसार बाढी, पहिरो तथा भीषण वर्षाका कारण १३ वटा सञ्चालनमा रहेका आयोजना बन्द भएका छन् भने निर्माणाधीन अवस्थामा रहेका ९३ मेगावाट क्षमताका पाँच आयोजना क्षतिग्रस्त भएका छन्।

प्रभावित १८ आयोजनामध्ये १४ आयोजना इलाममा रहेका छन् भने बाँकी सिन्धुपाल्चोक र पाँचथर जिल्लामा रहेको इप्पानले जनाएको छ।

हिमाल दोलखा हाइड्रो पावरका माइखोला हाइड्रो र माइखोला क्यासकेड, सानिमा माइका माइखोला र माइखोला क्यासकेड, सुपर माई हाइड्रोको सुपर माई हाइड्रो, सगरमाथा जलविद्युतको सुपरमाई ए, माइ खोला हाइड्रोको सुपरमाई ए क्यासकेड, सान्भी इनर्जीका जोगमाई खोला र जोगमाई क्यासकेड, एसियन हाइड्रोको तल्लो जोगमाई, सामलिङ पावरको माइबेनी हाइड्रो, र पञ्चकन्या माईको माथिल्लो माइखोला आयोजनामा क्षति पुगेको इप्पानले जनाएको छ। इप्पानका अनुसार इलाम, पाँचथर र सिन्धुपाल्चोक जिल्लामा रहेका साना तथा ठुला गरी १८ वटा आयोजना क्षतिग्रस्त भएका छन्। इलाममा मात्र सुपरमाई, माइखोला, माइखोला क्यासकेड, सुपरमाई-ए, सुपरमाई-ए क्यासकेड, जोगमाई खोला, जोगमाई क्यासकेड, तल्लो जोगमाई, माइबेनी, माथिल्लो माइखोला र माइसी क्यासकेड आयोजना प्रभावित भएका छन्। त्यसैगरी, पाँचथर र सिन्धुपाल्चोकका सभाखोला-बी, हेवाखोला, सिद्धिखोला, ब्रह्मायणी र अपर ब्रह्मायणी हाइड्रोपावर आयोजनामा पनि बाढी र पहिरोले ठुलो क्षति भएको हो।

# विराटनगर भन्सारबाट मूल्यांकन डाटाबेस प्रणाली

**काठमाडौं/मस-** नेपाल सरकारले विराटनगर भन्सार कार्यालयबाट वहुप्रतीक्षित मूल्यांकन डाटाबेस प्रणालीको सफल परीक्षण गरेको छ। प्रचलित सन्दर्भ पुस्तिकालाई विस्थापित गरी विश्व व्यापार संगठनअन्तर्गतको ग्याट सम्झौतामा उल्लेखित र अधिकांश मुलुकमा चलेको यो मूल्यांकन विधि नेपालमा पहिलोपटक सुरु भएको हो।

असोज ९ गते अर्थमन्त्री रामेश्वर खनालद्वारा उद्घाटन भएको सो प्रणालीले हरेक ६ महिनामा परिमार्जन हुने सन्दर्भ पुस्तिकाका विषयमा व्यवसायीको गुनासो सम्बोधन गर्ने अपेक्षा सरकारको छ। यस विधिमा जाँचपास भएको सबै वस्तुको मूल्य विवरण संग्रह गरिनेछ। सरकारका अनुसार यो भन्सार जाँचपासमा आएका वस्तुको विश्लेषण र तुलना गर्न मिल्ने डिजिटल स्रोत हो जसले कारोबार मूल्य पहिचान गर्न सहयोग पुग्छ।

व्यवसायीहरूले कारोबार मूल्यलाई मान्यता दिन आग्रह गरिरहेको सन्दर्भमा मूल्यांकन डाटाबेस प्रणाली त्यसतर्फको डिजिटल प्रक्रिया हो। नेपाल उद्योग वाणिज्य महासंघले ग्याट भ्यालुएसनअनुसार अनलाइन मूल्यांकन गर्न सकिने सम्भावना केही वर्षदेखि सरकारलाई देखाउँदै आएको थियो।

# 'अकबरे खुर्सानी बिक्री गर्न बजारको समस्या छैन, माग धेरै छ'

**तनहुँ/मस-** भिमाद नगरपालिका-९ को भानुमतिका कृषकले अकबरे खुर्सानी उत्पादनबाट करिब ४५ लाख आम्दानी गरेका छन्। सामूहिक अकबरे खुर्सानीखेती गरेका यहाँका कृषकले ४५ लाख आम्दानी गरेका हुन्।

मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषक समूहमार्फत यहाँ अकबरे खुर्सानीखेती गरिएको भानुमति कृषक समूहका अध्यक्ष इमानबहादुर थापाले जानकारी दिए। यहाँका ३५ जना कृषक अकबरे खुर्सानीखेतीमा आबद्ध छन्।

कृषक अखिल सारु मगरले यस वर्ष अकबरे खुर्सानी बिक्रीबाट ७ लाख आम्दानी गरिसकेका छन्। करिब १२ लाख आम्दानी हुने उनको अनुमान छ। कृषक जयकुमार थापाले खुर्सानी बिक्री गरी १ लाख ५० हजार आम्दानी भएको जानकारी दिए। उनले मकै र कोदो रोप्ने बारीमा अकबरे खुर्सानी गरेको बताए। असारदेखि अकबरे खुर्सानी बजार पुऱ्याइएको उनले उल्लेख गरे।

यहाँको कटनछाप, पाथर्दी, सखेप, पाइमे, जौपानीममा व्यक्तिगतसँगै सामूहिक अकबरे खुर्सानीखेती गरिएको छ। वडालाई अकबरेखेतीको पकेट क्षेत्र बनाउन ५० हजार बेर्ना कृषकलाई वितरण गरिएको थापाले बताए।



अकबरे खुर्सानी बिक्रीबाट यहाँका कृषकले न्यूनतम ७० हजार आम्दानी गरेका छन्। उनले भने, 'अकबरे खुर्सानीले यहाँका कृषकको मुहारमा खुसी ल्याएको छ।' अकबरे खुर्सानी पिरो भए पनि यसको आम्दानीले कृषकको जीवन गुलियो बनाएको थापाको भनाइ छ।

कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न यहाँका स्थानीय अकबरे खुर्सानीखेतीमा लागेका हुन्। सो खेतीबाट कृषकले वार्षिक २ लाख ५० हजार केजी खुर्सानी उत्पादन गर्ने लक्ष्य राखेका छन्।

उत्पादन भएको खुर्सानी पोखरा, भिमाद, खैरेनीटारका बजारहरूमा बिक्री गरिएको छ। उनले भने, 'बजारको समस्या छैन, माग धेरै छ।' हाल बजारमा प्रतिकेजी ३ सयदेखि ५ सय थोक मूल्य रहेको छ। खुर्सानीको बिरुवा उत्पादनका लागि वडा नम्बर ९ ले १ लाख अनुदान दिएको थियो।

हिंसा होइन, माया र सहिष्णुता बढाऔं।
हिंसा हुन नदिऔं:
- सबै प्राणीप्रति करुणा र सम्मान राखौं,
- द्वन्द्व होइन, संवाद र समझदारी अपनाऔं,
- परिवारदेखि समाजसम्म शान्ति फैलाऔं,
- हिंसात्मक क्रियाकलापबाट बचौं,
- बालबालिका, महिला र अन्य कमजोर वर्गको सुरक्षा गरौं,
- द्वेष र घृणा नफैलाऔं,
- सामाजिक विवादमा धैर्यता र संयमता अपनाऔं,
- तनाव र रिसलाई व्यवस्थापन गरौं,
- समस्याको शान्तिपूर्ण समाधान खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हवाई यात्रुको चाप बढेपछि विमानस्थलबाटै बस सेवा

**चितवन/मस-** हवाई यात्रुको चाप बढेपछि स्थानीय प्रशासनको पहलमा भरतपुर विमानस्थलबाटै काठमाडौंका लागि बसको व्यवस्था गरिएको छ। विमानस्थलमा टिकट नपाएर अलपत्र परेका यात्रुलाई बसमार्फत काठमाडौं पठाइएको हो।




शनिबार हवाई सेवा अवरुद्ध बनेपछि शनिबारका लागि टिकट लिएका यात्रु र आइतबार लागि पुनः विमानस्थल पुगेका यात्रुका कारण विमानस्थलमा यात्रुको चाप अत्यधिक बढेको थियो। काठमाडौं जाने सडक मार्ग रोकिएपछि हवाई यात्रुको चाप अत्यधिक बढेको हो।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विमानस्थल पुगेर अवस्था हेरेपछि यातायात व्यवसायीसँग आग्रह गरेर विमानस्थलबाटै यात्रु लैजाने व्यवस्था मिलाएका हुन्।

एउटा माइक्रो बसले यात्रु लिएर गएको छ, भने थप बसको व्यवस्था गरेर बाँकी यात्रुलाई पनि पठाइने उनले बताए। उनले भने, 'यातायात व्यवसायीलाई नियमानुसारको भाडा यात्रुसँग लिएर सेवा दिन भनेका छौं।' अत्यावश्यक परेका यात्रु लैजानुपर्ने भएकाले स्थानीय प्रशासनले पत्र बनाएर बस पठाएको उनले बताए।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**